# बीउ सुरक्षाः
# जिम्मेवारी कसको ?

## तराईमा मकैबालीमा आएको संकटको स्थलगत अध्ययन







sawtee

LI-BIRD

# बीउ सुरक्षाः
# जिम्मेवारी कसको ?

## तराईमा मकैबालीमा आएको संकटको स्थलगत अध्ययन







sawtee

LI-BIRD

**प्रकाशकः** साउथ एशिया वाच अन ट्रेड, इकोनोमिक्स एण्ड इन्भायरोन्मेन्ट (सावती) र जैविक विविधता, अनुसन्धान तथा विकासका लागि स्थानीय पहल (ली-बर्ड) ।

**सर्वाधिकारः** २०६८. साउथ एशिया वाच अन ट्रेड, इकोनोमिक्स एण्ड इन्भायरोन्मेन्ट (सावती) र जैविक विविधता, अनुसन्धान तथा विकासका लागि स्थानीय पहल (ली-बर्ड) । यस पुस्तकमा प्रकाशित सामग्रीहरू साभार गरी कुनै भाग वा पूर्णरूपमा शैक्षिक वा गैरव्यापारिक प्रयोजनका लागि पुनःप्रकाशन गर्न सकिने छ । तर व्यापारिक वा बिक्रीका लागि प्रकाशकहरूको लिखित स्वीकृति विना कुनै पनि रूपमा यो पुस्तक प्रकाशन वा भण्डारण गर्न पाइने छैन । त्यस्तै साभार नगरी कुनै पनि प्रयोजनका लागि यो पुस्तकको कुनै पनि भाग पुनःप्रकाशन र भण्डारण गर्न पाइने छैन । लिखित स्वीकृति लिई साभार गरिएका सामग्रीका केही प्रति प्रकाशकहरूलाई उपलब्ध गराई दिनु हुन हार्दिक अनुरोध गर्दछौं ।

**उद्धरणः** सावती र ली-बर्ड. २०६८. *बीउ सुरक्षाः जिम्मेवारी कसको ?*. च+४२. काठमाडौंः साउथ एशिया वाच अन ट्रेड, इकोनोमिक्स एण्ड इन्भायरोन्मेण्ट (सावती) र पोखराः जैविक विविधता, अनुसन्धान तथा विकासका लागि स्थानीय पहल (ली-बर्ड) ।

**आइएसबीएनः** ९७८-९९३७-८०३८-९-२

**लेखनः** मैना घिताल

**सम्पादनः** प्रकाश घिमिरे

**डिजाइनः** विपेन्द्र घिमिरे, इफेक्ट, फोनः ४४३३७०३

**आवरण तस्बिरः** www.ekantipur.com

**मुद्रकः** सिटी अफसेट प्रेस, ललितपुर, फोनः ५५४०५३२

**प्रकाशन पाइने स्थान**
साउथ एशिया वाच अन ट्रेड, इकोनोमिक्स एण्ड इन्भायरोन्मेन्ट (सावती)
पो. ब. नं. १९३६६, टुकुचा मार्ग, बालुवाटार, काठमाडौं
फोनः ४४४४४३८, ४४१५८२४, फ्याक्सः ४४४४५७०
इमेलः sawtee@sawtee.org, वेबः www.sawtee.org

जैविक विविधता, अनुसन्धान तथा विकासका लागि स्थानीय पहल (ली-बर्ड)
पो. ब. नं. ३२४, गैह्रापाटन, पोखरा
फोनः ०६१-५३५३५७, ५२६८३४, फ्याक्सः ०६१-५३९९५६.
इमेलः info@libird.org, वेबः www.libird.org

*यो पुस्तिका IDRC Canada को सहयोगमा सावती र ली-बर्डको संयुक्त पहलमा संचालित तीनवर्षे परियोजना Promoting Innovative Mechanisms for Implementing Farmers' Rights through Fair Access to Genetic Resources and Benefit Sharing Regime in Nepal अन्तर्गत प्रकाशन गरिएको हो । यसमा प्रकाशित विचार तथा मान्यता लेखककै हुन्, सावती र ली-बर्डका नहुन पनि सक्छन् ।*

# भूमिका

नेपालमा योजनाबद्ध विकास आरम्भ भएको करीब छ दशक पुग्न लागेको छ । परम्परागत र बन्द आर्थिक तथा सामाजिक अवस्थाबाट देशलाई आधुनिक एवं खुला परिवेशमा लैजाने क्रममा यो अवधिमा धेरै आर्थिक–सामाजिक परिवर्तन भएका छन् । तर कुल ७४ प्रतिशत सक्रिय जनशक्ति आश्रित भएको र देशको अर्थतन्त्रमा करीब ३२ प्रतिशत योगदान दिँदै आएको कृषि क्षेत्रको मूल संरचनामा भने उल्लेखनीय परिवर्तत हुन सकेको छैन । बहुसंख्यक किसानहरू भूमिहीन र गरीबीको रेखामूनि बाँचिरहेका छन्, उन्नत जातका बीउबिजनमा उनीहरूको पहुँच कम छ, रासायनिक मल सर्वसुलभ छैन तथा सिंचाई सुविधा पर्याप्त छैन । अझै, धेरैजसो धान, मकै, गहुँ, जौलगायतका मुख्य खाद्य बालीको नै खेती हुने गरेको छ ।

नेपालमा तराई र पहाडका धेरै ठाउँमा मकैको खेती गरिन्छ । यो नेपालको दोस्रो मुख्य बाली हो । मकै एक पौष्टिक खाद्यबाली भएकोले यसले खाद्य सुरक्षामा ठूलो महत्व राख्दछ । आजभोलि व्यावसायिक पशुपालन र कुखुरापालन बढ्दै गएको सन्दर्भमा पशुहरूको दाना उत्पादन गर्ने उद्योगका लागि पनि मकैको महत्व बढ्दै गएको छ । यिनै कुरालाई मध्यनजर गरेर तथा कृषकको आर्थिक अवस्थाको सुधार गर्नुपर्ने पक्षलाई समेत आत्मसात् गरेर नेपाल सरकारले अर्थिक वर्ष २०६४/६५ देखि देशको विभिन्न जिल्लामा अभियानमुखी मकै/भटमास उत्पादन कार्यक्रम (Maize Mission Programme) शुरू गरेको छ । यो कार्यक्रमले कृषकको संस्थागत विकास, गुणस्तरीय बीउ आपूर्ति, मेशिनरी औजारको आपूर्तिआदिको माध्यमबाट मकै तथा भटमासको उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्ने, अन्तरबाली प्रणालीमार्फत् खुद् नाफा बढाउने लगायतका लक्ष्य लिएको छ र कृषकलाई बीउको मूल्यमा ३३ प्रतिशत अनुदान दिएर हाइब्रीड बीउ प्रयोग गर्नका लागि प्रोत्साहित गरेको छ ।

अभियानमुखी मकै/भटमास उत्पादन कार्यक्रम (Maize Mission Programme) लागू भएयता ती क्षेत्रमा मकैको उत्पादकत्वमा उल्लेख्य वृद्धि भएको देखिन्छ । तर वि.स. २०६६ सालको हिउँदे खेतीमा तराईका कतिपय जिल्लामा एकाएक मकैको घोघामा दाना लागेन । यो समस्या कुनै एक जना किसानको बालीमा मात्र नभएर ती क्षेत्रमा यसको खेती गर्ने बहुसंख्यक किसानहरूको बालीमा देखा पर्‍यो । बालीमा आएको यस्तो समस्याले स्थानीय कृषकहरूको जीवनयापनमा कठिनाई सृजना गर्नुको साथै देशको खाद्य सुरक्षामा प्रत्यक्ष असर पर्न गएको छ । साथै बहुसंख्यक किसान समुदायलाई हाइब्रीड बीउकै कारण यो संकट आएको महसुस भएकोले आगामी दिनमा सरकारले

कृषिको आधुनिकीकरणका लागि संचालन गर्ने कार्यक्रममा समेत सन्देह पैदा गरेको छ । यो पृष्ठभूमिमा मकैबालीमा संकट आउनुको वास्तविक कारण, बीउको खराबी भए त्यस्ता बीउको पहिचान, गलत ढंगको बीउ व्यवसायको अभ्यासको उत्खनन् एवं आगामी दिनमा चाल्नुपर्ने कानुनी तथा नीतिगत कदमआदिबारे अनुसन्धान गरी सबै सरोकारवालालाई जानकारी दिनुपर्ने आवश्यकता टट्कारोरूपमा देखिएको छ ।

प्रस्तुत पुस्तिका सोही आवश्यकतालाई महसुस गरी आर्थिक पत्रकार मैना धितालले तराईका जिल्लामा आएको मकैको संकटलाई केन्द्र विन्दुमा राखेर सावतीका लागि गर्नु भएको अध्ययन "बीउ सुरक्षाः जिम्मवारी कसको ?" का आधारमा तयार गरिएको हो । यो पुस्तिकामा बारा र रौटहट जिल्लामा देखा परेको समस्यालाई केन्द्रमा राखिएको छ र मकैमा दाना नलाग्नुको कारण, विभिन्न सरोकारवालाबाट भएका कमी–कमजोरीहरू, भावी दिनमा यस्तो समस्या आउन नदिन विभिन्न पक्षबाट चाल्नुपर्ने कदमआदिबारे राय प्रस्तुत गरिएको छ । बीउबिजनमा कृषकको सरोकार, बीउबिजनको दीगो उपयोग र संरक्षण तथा भावी दिनमा बीउको संकटबाट जोगिने उपायबारे पनि यो पुस्तिकामा सुझाव प्रस्तुत गरिएको छ । साथै नेपाली कृषि क्षेत्रको मूल चरित्र, यसको उत्पादकत्व, सार्वजनिक लगानीको मात्रा, राज्यले लिएको कृषिसम्बन्धी निर्देशक सिद्धान्त एवं सरकारले ल्याएका नीति तथा कार्यक्रमहरूका अतिरिक्त नेपालमा बीउको व्यवसाय, आयातनिर्यात, उपयोग र अभ्याससम्बन्धी विभिन्न पक्षबारे समेत चर्चा गरिएको छ ।

यो अनुसन्धान पुस्तिका लेखनको कार्य गरिदिनु भएकोमा मैना धितालप्रति हामी हार्दिक आभार व्यक्त गर्न चाहन्छौं । साथै यो पुस्तिकाको सम्पादनको कार्य गर्ने प्रकाश घिमिरेलाई पनि हार्दिक धन्यवाद दिन चाहन्छौं । स्थलगत अध्ययनको क्रममा सूचना सामाग्री प्रदान गरेर तथा आफ्ना अमूल्य सुझाव दिएर सहयोग गर्नु हुने कृषि तथा सहकारी मन्त्रालय तथा बीउबिजन गुणस्तर नियन्त्रण केन्द्रका अधिकारीहरूप्रति एवं छलफलमा सहभागी भएर आफ्ना भनाईहरू राख्नु भएकोमा र सूचना उपलब्ध गराइदिनु भएकोमा स्थानीय सरकारी कार्यालयका विज्ञहरू, कृषक समुदाय तथा बीउ व्यवसायीहरूप्रति पनि हामी आभारी छौं । अन्त्यमा यो पुस्तिका नेपालको बीउको व्यवसाय र उपयोगको अभ्यास तथा बीउको उपयोगसम्बन्धी जोखिमको अध्ययनमा संलग्न एवं बीउको उपयोग र व्यवसायसम्बन्धी नीति निर्माण गर्ने र नीतिहरूको कार्यान्वयन गर्ने कार्यमा संलग्न सबै पक्षलाई उपयोगी हुने अपेक्षा राखेका छौं ।

धन्यवाद ।

**पोषराज पाण्डे**
**कार्यकारी अध्यक्ष**
**सावती**

# विषय-सूची


| | |
|---|---|
| १. नेपालको कृषि क्षेत्र | १-८ |
| २. नेपालमा खाद्य सुरक्षाको स्थिति | ९-१२ |
| ३. बीउ व्यवसायका केही पक्ष | १३-२२ |
| ४. स्थलगत अध्ययन | २३-३६ |
| ५. निष्कर्ष तथा सुझाव | ३७-३९ |
| *सन्दर्भ सामाग्री* | *४०-४१* |
| *अनुसूची १* | *४२* |

# १ नेपालको कृषि क्षेत्र

## १.१ कृषि क्षेत्रको वर्तमान चरित्र

कृषि क्षेत्र नेपालको अर्थतन्त्रको मुख्य आधार हो । यहाँ करीब ७४ प्रतिशत जनता कृषि पेशामा आश्रित छन् (राष्ट्रिय योजना आयोग २०६७) । कूल गार्हस्थ्य उत्पादनमा यो क्षेत्रको करीब ३२ प्रतिशत योगदान रहेको छ । नेपालमा कृषि क्षेत्रको उत्पादकत्व ज्यादै न्यून छ र निर्वाहमुखी कृषि प्रणाली विद्यमान छ । भूमिहीन र न्यून जमीनको स्वामित्व भएका किसानहरूको संख्या अधिक छ । खेती गर्ने अधिकांश किसानको जमीनमा स्वामित्व नहुने र जमीनमा स्वामित्व हुनेहरूले खेती नगर्ने खालको सामन्ती उत्पादन सम्बन्धले गर्दा कृषि क्षेत्रको उत्पादकत्व बढ्न नसकेर समग्र आर्थिक वृद्धिमा नै प्रतिकूल असर परेको छ (अर्थ मन्त्रालय २०६५) । यो पृष्ठभूमिमा कृषि क्षेत्रको व्यवसायीकरण र आधुनिकीकरणमार्फत् संरचनात्मक परिवर्तन गर्न सकेमात्र तीव्र आर्थिक वृद्धि र सामाजिक न्यायको लक्ष्य हासिल गर्न सकिने देखिन्छ ।

नेपाल सरकारले लामो समयदेखि रासायनिक मलमा अनुदान दिँदै आएको थियो । अर्थतन्त्रलाई उदार बनाउने क्रममा उक्त अनुदान बन्द गरियो । उक्त कदमले नेपाली कृषि क्षेत्रको लागत बढ्न थाल्यो र कृषकहरूको जीवनयापनमा समेत कठिनाई पैदा हुँदै गयो । यही कुरालाई मध्यनजर गरेर आर्थिक वर्ष २०६५/६६ देखि खासगरी रासायनिक मलमा पुनः अनुदान शुरू गरियो । तर अप्रभावकारी वितरण प्रणाली र भारतसँग रहेको मूल्य अन्तरले यसको चोरी बढेको आँकलन गर्ने गरिन्छ । वार्षिक ४ लाख देखि ५ लाख मेट्रिक टन रासायनिक मलको माग भएपनि १ लाख मेट्रिक टनभन्दा कमैमात्र आयात हुन सकेको छ ।

नेपाली कृषि क्षेत्रको व्यवसायीकरणका लागि निजी क्षेत्र अझै पर्याप्त मात्रामा आकर्षित हुन सकेको छैन । निजी क्षेत्र बढी संलग्न भएका चिया, दुधलगायतका नगदेबालीका क्षेत्रहरू पछिल्लो समयमा श्रम विवादले समस्यामा पर्दै गएका छन् । निर्यात हुने खालका कृषि उपजमा विकसित राष्ट्रका उपभोक्ताहरूले स्वास्थ्य तथा पर्यावरणका मुद्दा उठाउने गरेका छन् । तर तिनको परीक्षण गर्ने अन्तर्राष्ट्रिय मान्यता प्राप्त प्रयोगशाला

नेपालमा छैन; धेरै समय खर्च गरेर भारत लैजानुपर्ने बाध्यता छ । नेपाल सरकारले यस्तो परीक्षण गर्न केन्द्रीयस्तरमा प्रयोगशाला बनाउन थालेको भएपनि यसको प्रगति ज्यादै सुस्त गतिमा भइरहेको छ । अन्तर्राष्ट्रिय व्यापारको लागि नेपालको तुलनात्मक लाभ भएका उत्पादनको सही पहिचान हुन सकेको छैन । नेपालमा यो क्षेत्रमा जलवायु परिवर्तनको अनुकूलनताका लागि आवश्यक पर्ने अनुसन्धान तथा प्रविधिको विकास अगाडि बढ्न सकेको छैन ।

नेपालमा खाद्यान्न उपलब्धताको स्थिति त्यति धेरै उत्साहजनक छैन । यातायातको पर्याप्त पहुँच नहुँदा र अप्रतिस्पर्धी व्यावसायिक क्रियाकलाप हुँदा दुर्गम पहाडी क्षेत्रमा खाद्यान्नको समस्या थप पेचिलो बन्दै गएको छ । जग्गाको खण्डीकरण र बढ्दो शहरीकरणले खेतीयोग्य जमीन नष्ट हुँदै गएको छ । सरकारले यस्तो क्रियाकलापलाई नियन्त्रण गर्न आर्थिक वर्ष २०६६/६७ को बजेट वक्तव्यमार्फत् जग्गालाई आवासीय, कृषि, उद्योग, व्यवसाय, वन र सार्वजनिक जमीनको रूपमा वर्गीकरण गरेर जग्गा दर्ता गर्ने र दर्ता भएको शीर्षकबाहेक अन्य कार्यमा उपयोग गर्न नपाइने नीति लिएको छ । तर अहिलेसम्म त्यसको कार्यान्वयनका लागि कार्यविधिसमेत तयार भएको छैन ।

## १.२ कृषि उत्पादन र उत्पादकत्व

नेपालको कृषि क्षेत्रमा न्यून उत्पादन र न्यून उत्पादकत्व अहिलेको मुख्य चुनौतीको रूपमा देखिएको छ । देशको आर्थिक उन्नतिका लागि कृषि क्षेत्रको महत्वपूर्ण स्थान हुने भएपनि यो क्षेत्रको उत्पादन वृद्धिदर भने सन्तोषजनक छैन । विगत ५ वर्षदेखि कृषि उपजको उत्पादनको मात्रा र उत्पादकत्व लगभग स्थिर रहेकोबाट कृषि उत्पादन र उत्पादकत्व वृद्धिका लागि भएका प्रयास सफल हुन नसकेको देखिन्छ । खाद्यान्न उत्पादन र जनसंख्या वृद्धिको अनुपात अध्ययन गर्दा करीब १६ लाख जनसंख्यालाई खाद्यान्न अपुग हुने देखिएको छ ।

**तालिका १.१ प्रमुख खाद्यान्नबाली लगाइएको क्षेत्रफल, उत्पादन र उत्पादकत्व**

क्षेत्रफलः हजार हेक्टरमा
उत्पादनः हजार मेट्रिक टनमा
उत्पादकत्वः मेट्रिक टन प्रतिहेक्टरमा

| बाली | शीर्षक | २०६२/६३ | २०६३/६४ | २०६४/६५ | २०६५/६६* | २०६६/६७** |
|---|---|---|---|---|---|---|
| धान | क्षेत्रफल | १५४९ | १४४० | १५४९ | १५५६ | १४८१ |
| | उत्पादन | ४२०९ | ३६८१ | ४२९९ | ४५२४ | ४०२४ |
| | उत्पादकत्व | २.७२ | २.५६ | २.७७ | २.९० | २.७२ |
| | क्षेत्रफल | ८५१ | ८७० | ८७० | ८७५ | ८७६ |


| | | | | | | |
|---|---|---|---|---|---|---|
| मकै | उत्पादन | १७३४ | १८२० | १८७९ | १९३१ | १८५५ |
| | उत्पादकत्व | २.०४ | २.०९ | २.१६ | २.२० | २.१२ |
| गहुं | क्षेत्रफल | ६७२ | ७०३ | ७०६ | ६९५ | ७३१ |
| | उत्पादन | १३९४ | १५१५ | १५७२ | १३४४ | १५५६ |
| | उत्पादकत्व | २.०७ | २.१६ | २.२२ | १.९३ | २.१३ |
| जौ | क्षेत्रफल | २६ | २७ | २६ | २६ | २७ |
| | उत्पादन | २८ | २८ | २८ | २३ | २८ |
| | उत्पादकत्व | १.०६ | १.०६ | १.०७ | ०.९० | १.०४ |
| कोदो | क्षेत्रफल | २६२ | २६५ | २६५ | २६६ | २६८ |
| | उत्पादन | २९१ | २८५ | २९१ | २९३ | २९९ |
| | उत्पादकत्व | १.११ | १.०७ | १.०९ | १.१० | १.१२ |
| जम्मा क्षेत्रफल | | ३३६० | ३३०५ | ३४१६ | ३४१८ | ३३८३ |
| जम्मा उत्पादन | | ७६५६ | ७३२९ | ८०६९ | ८११५ | ७७६२ |

**संसोधित अनुमान, **प्रारम्भिक अनुमान*
*स्रोतः अर्थ मन्त्रालय २०६७ ।*

## १.३ कृषि क्षेत्रको वृद्धिदर र लगानी

वि.सं. २०४७ यताको दशकमा वार्षिक औसत २ दशमलव ७ प्रतिशत रहेको नेपालको कृषि क्षेत्रको वृद्धिदर वि.सं. २०५८ देखि २०६३ सम्म २ दशमलव ८ प्रतिशतमा नै

**चित्र १.१ कृषि क्षेत्रमा छुट्याइएको बजेट र कुल बजेटको अनुपात**





*स्रोतः अर्थ मन्त्रालय २०६७ ।*

थियो । तीन वर्षे अन्तरिम योजनाको आधार वर्ष २०६३/६४ मा ४ दशमलव ७ प्रतिशत रहेको सो अंक त्यसपछिका वर्षहरूमा भने निरन्तर घटिरहेको छ । आर्थिक वर्ष २०६६/६७ मा मौसमी प्रतिकूलताका कारण खाद्यान्न उत्पादनमा ह्रास आएपछि यो वृद्धिदर १ प्रतिशतमा खुम्चिन पुगेको छ (अर्थ मन्त्रालय २०६७) ।

अर्थतन्त्रमा सबैभन्दा बढी योगदान दिँदै आएको कृषि क्षेत्रमा लगानीको मात्रा भने ज्यादै कम रहेको छ । गार्हस्थ उत्पादनको तुलनामा यो क्षेत्रमा १ प्रतिशतभन्दा कम बजेट छुट्याइन्छ । खासगरी आठौं आवधिक योजनादेखि यस क्षेत्रमा लगानी घट्दै गएको पाइन्छ । आर्थिक वर्ष २०६६/६७ मा कृषि मन्त्रालायलाई दिइएको बजेट चाहिँ अघिल्ला वर्षभन्दा केही बढी देखिएको छ र आर्थिक वर्ष २०६७/६८ का लागि पनि अघिल्लो वर्षको तुलनामा करीब २६ प्रतिशत बढी हुनेगरी बजेट तर्जुमा गर्न राष्ट्रिय योजना आयोगले निर्देश गरेको छ । तर अझै किसानलाई कर्जा सहुलियत दिने र बीउलगायत कृषि उत्पादनका साधनमा अनुदान दिने कार्यक्रमलाई खासै प्राथमिकता दिएको देखिँदैन ।

नेपालको कृषि क्षेत्रमा वैदेशिक सहयोगको शुरूवात योजनाबद्ध विकासको आरम्भदेखि नै भएको हो । वि.सं. २००७ सालको राजनीतिक परिवर्तत पछिको दशकमा कृषिमा पहिलो वैदेशिक सहायता अमेरिकाले दिएको थियो । पछिल्ला समयमा भने दातृ निकायले सहयोग दिँदा विभिन्न प्रकारका शर्तहरू राख्न थाले । सहयोगका लागि दातृ निकायले राख्ने त्यस्ता शर्तहरूमध्ये कृषि क्षेत्रमा सरकारले दिँदै आएको अनुदान खारेजी पनि हुने गरेको थियो । सोही अनुसार २०५८ सालदेखि सरकारले कृषि औजार, मल, बीउ, सिंचाईलगायतका क्षेत्रमा दिने गरिएको अनुदान कटौती गर्न थाल्यो । तर छिमेकी मुलुक भारत र चीनमा समेत अनुदान दिने गरिएको पृष्ठभूमिमा

**चित्र १.२ वैदेशिक सहयोगमा कृषि क्षेत्रमा प्राप्त सहयोगको अनुपात**




*स्रोतः अर्थ मन्त्रालय २०६७ ।*

अनुदान पाएका विदेशी उत्पादनसँग नेपाली उत्पादनलाई प्रतिस्पर्धा गर्न कठिन हुन थाल्यो । नेपाली उत्पादन नेपाल भित्रको बजारमा समेत विस्थापित हुने स्थिति सृजना हुँदै गयो । यसै कुरालाई मध्यनजर गर्दै आर्थिक वर्ष २०६५/६६ देखि रासायनिक मलमा पुनः अनुदान दिन शुरू गरिएको छ ।

## १.४ संविधान, कानुन र नीतिहरूमा कृषि विकाससम्बन्धी दृष्टिकोण

**नेपालको आन्तरिम संविधान २०६३:** नेपालको आन्तरिम संविधान २०६३ ले बहुसंख्यक नेपाली जनता कृषिमा आश्रित रहेको र उनीहरूको अवस्था सामान्य जीवनयापनको तहभन्दा पनि दयनीय रहेको कुरालाई मनन् गरेको छ र खाद्य सम्प्रभूतालाई सबै नेपालीको मौलिक हकको रूपमा उल्लेख गरेको छ । साथै नेपालको कृषि क्षेत्रमा असमान वितरण र सामन्ती भू–स्वामित्व तथा निर्वाहमुखी कृषि प्रणाली रहेको अवस्थालाई मध्यनजर गर्दै यो क्षेत्रमा रहेको सामन्तवादको अन्त्य गर्ने, वैज्ञानिक भूमिसुधार कार्यक्रम संचालन गर्ने तथा यो क्षेत्रको उत्पादकत्व बढाई कृषिमा आधारित आर्थिक उन्नति गर्न कृषिलाई उद्योगको रूपमा विकास गर्ने नीति प्रस्ताव गरेको छ । यो सन्दर्भमा नेपालको वर्तमान संविधानले कृषिको समग्र पुनःसंरचना गरी वैज्ञानिक प्रणाली विकास गर्न र यसलाई उद्योगका रूपमा विकास गर्न आवश्यक पर्ने कार्य गर्न निर्देश गरेको देखिन्छ ।

**तीन वर्षे अन्तरिम योजना (२०६४/६५–६६/६७):** तीन वर्षे अन्तरिम योजनाले दीर्घकालीन कृषि योजना र राष्ट्रिय कृषि नीति २०६१ अनुरूप नै कृषि क्षेत्रको आधुनिकीकरण र व्यवसायीकरण गर्ने दीर्घकालीन लक्ष्य लिएको छ । यस योजनाले कृषि क्षेत्रमा बृहत्तर खालको, लैङ्गिक दृष्टिले समावेशी र दीगो प्रकारको वृद्धि हासिल गर्ने उद्देश्य लिएको पाइन्छ जसमा कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्ने, खाद्य सुरक्षाको सुनिश्चिततामार्फत् खाद्य सम्प्रभूता प्रत्याभूति गर्ने, वातावरणमैत्री प्रविधिको वितरण र विकासमार्फत् कृषि जैविक विविधीकरणलाई प्रवर्द्धन र संरक्षण गर्नेलगायतका विशेष उद्देश्यहरू समेटिएका छन् । उल्लेखित उपलब्धि हासिल गर्न योजनाले निजी र गैरसरकारी क्षेत्रबाट करीब ३० अरबसहित कृषि क्षेत्रमा करीब ४५ अरब रूपैंया लगानी गर्न निर्देशित गरेको उल्लेख छ । तर योजनाको अन्त्यसम्ममा पनि लक्ष्य अनुसार लगानी हुने देखिँदैन ।

**तीन वर्षे योजनाको आधारपत्र (२०६७/६८–६९/७०):** प्रस्तावित नयाँ तीन वर्षे योजनाको लागि तर्जुमा गरिएको आधारपत्रमा कृषि क्षेत्रको आधुनिकीकरण तथा व्यवसायीकरण गर्दै खाद्य तथा पोषण सुरक्षा, रोजगारी सृजना र गरीबी न्यूनीकरणमा यो क्षेत्रको योगदान अझै बढाउँदै लाने उद्देश्य प्रस्ताव गरिएको छ । साथै कृषक तथा अन्य सरोकारवालाको आवश्यकताअनुरूप दुध र दुग्धजन्य पदार्थ, बाली, बागवानी, पशुपंक्षी, मत्स्य तथा मासुको उत्पादन वृद्धि गरी ग्रामीण जनताको आर्थिकस्तर

सुधार्नेसमेत उल्लेख गरिएको छ । उल्लेखित लक्ष्य हासिल गर्न कृषि तथा पशुजन्य उत्पादनको व्यवसायीकरण तथा ग्रामीण पूर्वाधारको विकासमार्फत् कृषि उत्पादकत्व बढाउने, प्रांगारिक खेतीलाई प्रोत्साहन गर्ने, कृषि बजारको विकास र विस्तार गर्ने, कृषि शिक्षा र अनुसन्धान तथा प्रसारलाई समन्वयात्मक र एकीकृतरूपमा संचालन गर्नेलगायतका रणनीति प्रस्ताव गरिएको छ । माटोको उर्वरता कायम राख्दै कृषियोग्य भूमिको क्षेत्रफल विस्तार गर्ने, स्रोत बीउ तथा प्रमाणित बीउ उत्पादन गर्ने कृषि केन्द्रहरूको सुदृढीकरण गर्ने कार्यनीति प्रस्तावित योजनामा समेटिएको छ । त्यस्तै, नेपालको केन्द्रीय बीउबिजन प्रयोगशालालाई अन्तर्राष्ट्रिय बीउबिजन परीक्षण संगठनबाट मान्यता दिलाई नेपालबाट निर्यात हुने बीउबिजनका लागि अन्तर्राष्ट्रियस्तरको गुणस्तर प्रमाणपत्र जारी गर्ने कार्यक्रम संचालन गर्ने कार्यनीति लिइने उल्लेख गरिएको छ ।

**दीर्घकालीन कृषि योजना (एपीपी):** कृषि क्षेत्रको आमूल परिवर्तनका लागि बनाइएका नीति एवं योजनाहरूमध्ये सबैभन्दा महत्वाकांक्षी दस्तावेजको रूपमा दीर्घकालीन कृषि योजनालाई लिने गरिन्छ । यसले नेपालको कृषि क्षेत्रले कुन बाटो लिनुपर्छ र कसरी अघि बढ्नुपर्छ भनेर मार्गनिर्देश गरेको छ । वि.सं. २०५२ सालमा यो योजना लागु भएयता बनेका सबै पञ्चबर्षीय योजनाले दीर्घकालीन कृषि योजनाका अवधारणालाई आत्मसात गरेका छन् र यस अवधिमा बनेका हरेक सरकारले यसलाई स्वीकार गरेका छन् । तसर्थ यो योजनाले बृहत राष्ट्रिय सहमति प्राप्त गरेको देखिन्छ ।

उल्लेखित कृषि योजनाले कृषि क्षेत्रलाई आर्थिक वृद्धिको यन्त्रको रूपमा लिएको छ । यसले कृषि क्षेत्रको वार्षिक वृद्धिदर ३ प्रतिशतबाट ५ प्रतिशत पुऱ्याउने लक्ष्य लिएको छ । साथै सिंचाई, शडक, विद्युत, प्रविधि र रासायनिक मलजस्ता उत्पादनका साधनको सुलभता बढाउने र क्षेत्रगत प्राथमिकता निर्धारण गर्नुपर्ने उल्लेख गरेको छ । यसले तराईमा अन्नबालीको उत्पादन बढाउन र पहाडलाई तराई तथा शहरी क्षेत्रको मागअनुरूप फलफूललगायतका कृषि उत्पादनतर्फ लैजान सुझाव दिएको छ । तर यो योजना जारी भएको १५ वर्ष भइसक्दा पनि कृषि क्षेत्रले खास गति लिन सकेको देखिन्न । कृषि क्षेत्रमा पर्याप्त बजेट विनियोजन नहुनु, अन्तरसम्बन्धित मन्त्रालय र सरोकारवालासँगको समन्वय प्रभावकारी नहुनु, क्षेत्रगत प्राथमिकता तोकेर कार्यक्रम संचालन गर्न दिइएको सुझाव कार्यान्वयन नहुनु, कृषि मन्त्रालयले अन्य मन्त्रालयबाट अपेक्षकृत सहयोग प्राप्त गर्न नसक्नुआदि कारणले गर्दा यो योजनाबाट आशातीत उपलब्धि हुने देखिन्न ।

यस प्रकार कृषि क्षेत्रसँग सम्बन्धित नीति-नियमहरू असफल हुनु वा अपेक्षाकृत सफल हुन नसक्नुको प्रमुख कारण त्यस्ता नीति-नियमको सफल कार्यान्वयन हुन नसक्नुलाई मानिन्छ । राजनीतिक अस्थिरता र असहयोग पनि ती नीति तथा कार्यक्रम एवं नियम-कानुनको कार्यान्वयन सफलतापूर्वक हुन नसक्नुमा जिम्मेवार देखिन्छन् ।

## १.५ उपलब्धि र अवसर

विभिन्न समस्या र चुनौतीका बाबजुत नेपालको कृषि क्षेत्रले बितेका वर्षमा केही उल्लेखनीय उपलब्धि हासिल गरेको छ । गएको १० वर्षमध्ये ७ वर्ष खाद्य वस्तुको वैदेशिक व्यापार धनात्मक रहेको देखिन्छ । भोकमरी आधा घटाउने खाद्यान्नसम्बन्धी सहश्राब्दी विकासको लक्ष्य पूरा हुने देखिएको छ । राष्ट्रिय योजना आयोगले तयार पारेको प्रतिवेदनअनुसार वि.सं. २०६२ मा भोकमरीग्रस्त जनसंख्याको अनुपात ३९ दशमलव ९ प्रतिशत रहेकोमा वि.सं. २०६७ मा २२ दशमलव ५ प्रतिशतमा ओर्लिएको छ । वि.सं. २०७२ सम्ममा भोकमरीग्रस्त मानिसको संख्या नेपालमा २५ प्रतिशतमा सीमित पार्ने लक्ष्य प्राप्तिका लागि यो ठोस उपलब्धि हो । तर सुदूरपश्चिम र मध्यपश्चिमका केही जिल्लामा भोकमरीको समस्या अझै विकराल नै रहेकोले तिनलाई लक्षित गरी खाद्य सुरक्षाका कार्यक्रम ल्याउनु जरूरी छ ।

सहकारी क्षेत्र उत्साहजनकरूपमा विकास भएको छ । देशभित्र उत्पादन भएको गाई–भैंसीको दुध केही वर्षअघिसम्म पूर्णरूपमा खरिद् हुन सक्दैनथ्यो र पटक–पटक *मिल्क होलिडे* गर्नु पर्दथ्यो । अहिले त्यो अवस्थाको लगभग अन्त्य भएको छ; उल्टै दुग्ध उद्योगले पर्याप्तमात्रामा दुध प्राप्त गर्न नसकिरहेको स्थिति छ । तरकारीमा मुलुक आत्मनिर्भर बन्दै गएको छ । नगदेबालीको अवस्था सुधारोन्मुख छः अलैंची उत्पादनमा नेपाल विश्वकै पहिलो स्थानमा छ; फलफूल तथा तरकारी खेती, पुष्प व्यवसाय तथा पुष्पसम्बन्धी बीउ उत्पादन, अर्गानिक चिया तथा कफी उत्पादन, रेशम खेती, जुडिबुटी उत्पादन, लसुन, अदुवा, च्याउ, माछा, मह, प्रशोधित फलफूलआदि सम्भाव्य क्षेत्रको रूपमा देखिएका छन् ।

वि.सं. २०६२/६३ को राजनीतिक परिवर्तन पछि कृषि क्रान्तिलाई नयाँ नेपाल निर्माणको आधार बनाउने नारा प्रायः सबै राजनीतिक दलहरूले दिएका छन् र तदनुरूप सरकारी खर्चको प्राथिमिकीकरण गर्ने प्रयाससमेत गरेका छन् । जस्तैः आर्थिक वर्ष २०६६/६७ को बजेट वक्तव्यमा उक्त आर्थिक वर्षमा किस्ता बुझाउने ५० हजारसम्म ऋण लिएका साना किसान र व्यवसायीलाई ५० प्रतिशत एवं संकटमा परेका चिया उत्पादक साना किसानले ऋणको सावाँ बुझाएमा शत प्रतिशत ब्याज मिनाहा दिनेजस्ता कार्यक्रम समेटिएका छन् । रासायनिक मलमा करीब १ अरब ५० करोड अनुदान दिइएको छ । सिंचाईमा करीब ३६ प्रतिशतले लगानी बढाइएको छ । तर सरकारले अनुसन्धान तथा मानव संसाधनको विकासमा भने उच्च प्राथमिकता दिन सकेको छैन । नेपाल कृषि अनुसन्धान परिषद्को बजेटको अधिकांश हिस्सा कर्मचारीको तलब सुविधामा खर्च हुने गर्दछ । कृषि अनुसन्धान नै प्रभावित हुनेगरी क्षमतावान जनशक्तिको अभाव हुँदै गएको छ; पुराना प्राविधिकले अवकाश लिने र युवा प्राविधिक विदेश पलायन हुने क्रम तीव्र छ ।

नेपालमा खाद्यान्न संकट हुनुपर्ने कुनै प्राकृतिक कारण छैन । यसको विपरित कृषिलाई नै देशको अर्थतन्त्रको मुख्य आधार बनाउन सकिने भौगोलिक तथा पर्यावरणीय अनुकूलता रहेको छः कृषिको लागि उपयुक्त भौगोलिक बनावट छ; प्रत्येक वर्ष ६ प्रकारको मौसमबाट गुज्रने भएकोले एक ठाँउमा एउटा मौसममा नहुने कुनै बालीको खेती अर्को ठाउँमा गर्न सकिने सम्भावना छ । तर कृषि क्षेत्रमा न्यूनतम सुविधाको प्रवाह र सहयोगमार्फत् सरकारले केही सकारात्मक हस्तक्षेप चाहिँ गर्नैपर्ने हुन्छ । जबसम्म हामीले कृषि क्षेत्रको उत्पादकत्व वृद्धि गर्न सक्दैनौं र यस क्षेत्रमा रहेको अत्याधिक जनशक्तिलाई अन्य क्षेत्रमा लाभदायी रोजगारीका अवसर सिर्जना गरेर स्थानान्तरण गर्न सक्दैनौं तबसम्म तीव्र आर्थिक वृद्धि र दीगोरूपमा गरीबी निवारण गर्ने हाम्रो लक्ष्य पूरा गर्न कठिन हुन्छ । त्यसैले आउँदा दिनमा सरकारले परम्परागत र निर्वाहमुखी कृषि प्रणालीलाई फेरेर आधुनिक र व्यावसायिक कृषि प्रणाली स्थापित गर्न थप लगानी गर्दै जानुपर्ने देखिन्छ ।

# २ नेपालमा खाद्य सुरक्षाको स्थिति

जनताको खाद्यान्नको सरोकारसम्बन्धी मुद्दालाई परिभाषित गर्ने क्रममा विभिन्न राजनीतिक अवधारणाहरूको विकास भएका छन् । सुरक्षित र पोषणयुक्त खाद्यान्न सबैले पर्याप्तमात्रामा पाउन सकेको अवस्थालाई खाद्य सुरक्षा भएको मानिन्छ । यो अवधारणाले खाद्यान्नमा सबैको पहुँच हुनुपर्ने कुरालाई जोड दिन्छ र त्यस्तो पहुँच भएको खाद्यान्न पौष्टिक र पर्याप्तमात्रामा उपलब्ध हुन नसकेमा खाद्य सुरक्षाको अवस्था नरहेको मान्दछ । विभिन्न अन्तर्राष्ट्रिय सन्धि-सम्झौतामा पर्याप्तमात्रामा पौष्टिक खाद्यान्न नियमित र स्थायीरूपमा प्राप्त गर्नुलाई सबैको आधारभूत अधिकारको रूपमा व्याख्या गरिएको छ; र यो उचित मूल्यमा एवं स्वास्थ्य तथा सांस्कृतिकरूपमा स्वीकारयोग्य अवस्थामा प्राप्त हुनुपर्दछ भनिएको छ । साथै उपलब्ध खाद्यान्न वातारणअनुकूल र सामाजिक दृष्टिले न्यायपूर्ण ढंगले उत्पादन गरिएको र आत्मसम्मानका साथ प्राप्त गर्न सकिने हुनुपर्दछ भनिएको छ । खाद्य सम्प्रभूता चाहिँ एउटा बृहत अवधारणा हो । यसले खाद्यान्नलाई जनताको मौलिक हकको रूपमा परिभाषित गर्दै विश्वबाट भोकको अन्त्य, खेतीयोग्य जमीनमा वास्तविक कृषकको पहुँच, प्राकृतिक स्रोतको संरक्षणआदि पक्षलाई समेटेको छ । विश्व खाद्य तथा कृषि संगठनले हरेक व्यक्तिको सफा र पोषणयुक्त खाद्यान्नमा पहुँच र भोकबाट मुक्तिलाई हरेक व्यक्तिको मौलिक अधिकारको रूपमा व्याख्या गरेको छ ।

## २.१ खाद्य सुरक्षाको आयाम र प्रवृत्ति

**खाद्य सुरक्षाको अवस्थाः** संयुक्त राष्ट्रसंघीय विश्व खाद्य कार्यक्रमको तथ्यांकअनुसार नेपालमा करीब ३४ लाख जनसंख्या खाद्यान्न संकटको अवस्थामा रहेका छन् । देशमा कृषि क्षेत्रको उत्पादकत्व घट्दै जानु यस्तो संकट आउने एउटा मुख्य कारण हो । उदाहरणका लागि आर्थिक वर्ष २०६५/६६ को तुलनामा २०६६/६७ मा कूल खाद्यान्न उत्पादन ४ दशमलव ३५ प्रतिशतले घटेर ३ लाख ५३ हजार मेट्रिक टन कम उत्पादन हुने अनुमान गरिएको छ (अर्थ मन्त्रालय २०६७) । विभिन्न समयमा प्रकाशित भएका विभिन्न प्रतिवेदनअनुसार खाद्य सुरक्षाको दृष्टिले संकटमा रहेका विश्वका ३१ देशको सूचीमा नेपाल १६ औं स्थानमा पर्छ । नेपालका ४१ जिल्लामा खाद्यान्नको स्थानीय

उत्पादन त्यहाँको माग भन्दा कम (ऋणात्मक) रहेको छ र खासगरी सुदूरपश्चिम तथा मध्यपश्चिमका पहाडी तथा उच्चपहाडी जिल्लाहरूमा यस्तो संकट बढी पेचिलो छ। खाद्य सुरक्षालाई सघाउ पुऱ्याउन नेपालले सार्क खाद्य बैंकमा ४ हजार मेट्रिक टन खाद्यान्न जगेडा राख्दै आएको छ। तर अपर्याप्त यातायात सुविधा, अव्यवस्थित वितरण प्रणाली, सामाजिक द्वन्द्व, खाद्यान्न दुरूपयोगलगायत विविध कारणले खाद्य सुरक्षाका लागि गरिएका विभिन्न प्रयत्नहरू अपेक्षाकृत प्रभावकारी हुन सकेका छैनन्।

**खाद्य असुरक्षाको कारणः** विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कारणहरूले पछिल्ला वर्षहरूमा नेपालमा खाद्य असुरक्षा बढ्दै गएको छ। अन्तर्राष्ट्रिय बजारमा खाद्य वस्तुको अत्याधिक मूल्यवृद्धि, पछिल्ला वर्षहरूका प्रतिकूल मौसम एवं बढ्दो शहरीकरणले कृषियोग्य भूमि नासिदै जानु, बढ्दो जनसंख्याका कारणले खाद्यान्नको माग बढ्दै जानु, कतिपय ठाउँमा खेतीयोग्य जमीन बाँझै रहनुलगायतका कारणले गर्दा नेपालमा खाद्यान्न संकट बढदै गएको अनुमान गर्न सकिन्छ। हरेक वर्ष अनुमान गर्न नसकिने बर्षाद्को प्रवृत्ति, अपर्याप्त सिंचाई सुविधा, रासायनिक मलको न्यून उपयोग, उन्नत बीउको न्यून विस्तार, सुस्त गतिको कृषि अनुसन्धान र प्रसारलगायतका कारण पनि यो समस्यामा उत्तिकै जिम्मेवार देखिएका छन्।

खाद्य असुरक्षा बढाउने अर्को मुख्य कारणमा नेपालीहरूको खाद्यान्न उपभोगसम्बन्धी परम्परागत प्रवृत्तिलाई पनि लिन सकिन्छ। बहुसंख्यक नेपालीलाई आफ्नो मुख्य खानामा चामलको भात नै चाहिन्छ जसको कारण जनसंख्या वृद्धिसँगै धान-चामलको माग बढ्दै गएको छ। धानको भात मुख्य खाना नभएका कतिपय हिमाली क्षेत्रमा समेत पछिल्ला केही वर्षदेखि यसलाई इज्जत र प्रतिष्ठासँग दाँजेर हेर्न थालिएको छ र त्यसैले गर्दा ती ठाउँहरूमा आलु, फापर, गहुँ, मकै, कोदोजस्ता पौष्टिक खाद्यान्नलाई छोडेर धानको भात खाने प्रवृत्ति बढदै गएको छ।

**खाद्य सुरक्षाका लागि भएका प्रयासः** मुलुकमा खाद्यान्न अभाव हुन नदिन र गरीबीको रेखामुनि रहेका जनतालाई राहत प्रदान गर्न विभिन्न कार्यक्रममार्फत् सरकारी र गैरसरकारी संघ-सस्थाहरूले खाद्यान्न परिचालनका कार्यक्रमहरू गर्दै आएका छन्। जस्तैः खाद्यान्न कमी हुने उच्चपहाडी तथा हिमाली क्षेत्रका ३० जिल्लामा नेपाल खाद्य संस्थानमार्फत् नेपाल सरकारले खाद्यान्न वितरण गर्दै आएको छ। विश्व खाद्य कार्यक्रम (डब्लुएफपी), विश्व खाद्य तथा कृषि संगठन (एफएओ), जापानी अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका), जर्मन अन्तर्राष्ट्रिय सहयोग नियोग (जीआइजेड) लगायतका विभिन्न दातृ निकायले पनि खाद्यान्न परिचालन गरी खाद्य सुरक्षाका लागि सहयोग गर्दै आएका छन्। फ्रान्सले वार्षिक ८ हजार मेट्रिक टन गहुँ सहयोग गर्दै आएको छ; जापान सरकारले खाद्य सहयोग कार्यक्रमअन्तरगत वार्षिकरूपमा चामल उपलब्ध गराउने गर्दछ।

**खाद्य सुरक्षाको लागि सुधारका क्षेत्रः** अनुदान प्राप्त खाद्यान्नको उपभोग गरेर देशमा खाद्य सम्प्रभूता स्थापित गर्न सकिन्न । यसले परनिर्भरता मात्र वृद्धि गर्ने हो । नेपालमा खाद्य सम्प्रभूता स्थापित गर्न कृषिमा व्यापक सुधार गर्नुपर्ने हुन्छ । लगानी वृद्धि गर्नेदेखि खाद्य सुरक्षाको राष्ट्रिय नीति बनाई कार्यान्वयन गर्नेजस्ता कार्यहरू अविलम्ब शुरू गर्नुपर्ने हुन्छ ।

खाद्यान्न वितरण गर्ने दाताहरूले तत्कालीन आवश्यकतासँगै उत्पादनमुखी दीर्घकालीन कार्यक्रम एकैसाथ संचालन गर्नु आवश्यक छ । अनुदान प्राप्त चामलको आपूर्ति बढ्दै जाँदा अन्य खाद्यजन्य बालीको खेतीप्रति स्थानीय कृषकको रूचि घट्दै जान्छ । यसको प्रभाव प्रत्यक्षरूपमा स्थानीयस्तरको खाद्य सुरक्षामा पर्दछ । मकै, कोदो, आलु, पिँडालुआदि भन्दा चामल सस्तो भएपछि मध्यपश्चिम र सुदूरपश्चिममा पछिल्ला वर्षमा चामलको माग बढ्दै गएको छ । यसले दीर्घकालमा कृषिको जैविक विविधतामा पनि नकारात्मक प्रभाव पार्ने निश्चित छ । अन्तर्राष्ट्रिय वानस्पतिक अनुवंश श्रोत संस्थानका अनुसार विश्वमा करीब ७ हजार जाति तथा प्रजातिका वनस्पतिहरूको खेती गर्न सकिन्छ तर हाल व्यावसायिकरूपमा १ सय ५० बालीका जातहरूको मात्र व्यावसायिकरूपमा खेती भइरहेको छ । नेपालमा मुख्य खाद्यान्नको रूपमा चामलमा मात्र भर पर्दै जाने हो भने कृषि जैविक विविधतामा समेत ठूलो ह्रास आई खाद्य संकट थप जटिल बन्न सक्छ । अर्कोतिर विविध प्रकारका खाद्यान्नबाट शरीरलाई प्राप्त हुने विविध प्रकारको पोषण चामलको मात्र उपभोगबाट प्राप्त हुन सक्दैन ।

नेपालको कूल धान खेती गरिने जमीनको करीब २८ प्रतिशत भाग पहाड र उच्च पहाडमा पर्दछ र सिंचाई सुविधा उपलब्ध जमीनको १६ प्रतिशत अंशमात्र यो क्षेत्रमा पर्दछ । ती भागमा उन्नत बीउ र प्रविधिको समेत कमी छ । तर चामलको माग चाहिँ प्रतिवर्ष तीव्ररूपमा बढ्दै गएको छ । यसरी दुर्गम पहाडमा चामलको माग बढ्दै जाँदा देशमा प्रतिव्यक्ति चामलको उपलब्धता भने घटदै गइरहेको छ । आर्थिक वर्ष २०५७/५८ मा नेपालमा चामलको औसत उपलब्धता करीब १०२ केजी प्रतिव्यक्ति प्रतिवर्ष थियो भने २०६४/६५ मा आइपुग्दा केवल ८७ केजी हुन पुगेको छ ।

हरेक दिन दुई छाक भात सबैले खाने हो भने हाल स्वदेशमा उत्पादित चामलले नेपालको कूल जनसंख्याको करीब ५० प्रतिशतलाई मात्र खान पुग्छ । तसर्थ हाम्रा अगाडि दुईवटा विकल्प छन्ः चामलमाथिको निर्भरता कम गर्दै लाने वा सबैलाई पुग्ने गरी यसको उत्पादन गर्ने । सबैलाई पुग्ने गरी चामलको उत्पादन गर्न हालको धानको औसत राष्ट्रिय उत्पादकत्व २ दशमलव ९ मेट्रिक टन प्रतिहेक्टरबाट वृद्धि गरी न्यूनतम ६ मेट्रिक टन प्रतिहेक्टर पुऱ्याउनु आवश्यक छ । उत्पादकत्वमा वृद्धि गर्न नसक्दा हाल धानको खेती भइरहेको जमीनको क्षेत्रफल (करीब १५ लाख ५० हजार हेक्टर) लाई दोब्बर वृद्धि गर्नुपर्ने हुन्छ । सरकारको कृषि लगानी, हालको प्रविधिको स्तर र

देशमा खेतीयोग्य जमीनको सीमितता हेर्दा तत्काल यी विकल्पबाट धानको उत्पादनमा उल्लेखनीय वृद्धि हुने स्थिति देखिँदैन । अतः चामलमाथिको निर्भरता कम गर्ने र खाद्य विविधतालाई प्रोत्साहन गर्ने विकल्प नै कृषि विकास र खाद्य सुरक्षाको प्रमुख रणनीति बनाउनु उपयुक्त हुन्छ । देशभित्र र विश्वमा आएको खाद्य संकटको अध्ययन गरी सरकारले तुरून्तै खाद्य सुरक्षाका अल्पकालीन र दीर्घकालीन नीति तथा रणनीति तयार गरी कार्यान्वयन गर्नु आवश्यक छ । खाद्यान्न उपलब्धता बढाउन जनसंख्याको वृद्धि दर नियन्त्रण, पानीका स्रोतको उचित संरक्षण र सदुपयोग तथा कृषि बालीका नयाँ जात एवं प्रविधिको विकासमा पनि उत्तिकै ध्यान दिनु जरूरी छ ।

## २.२ संविधान, कानुन तथा नीतिहरूमा खाद्य सुरक्षासम्बन्धी दृष्टिकोण

नेपालको अन्तरिम संविधान २०६३ को भाग ३ को मौलिक अधिकारअन्तरगत धारा १८ मा 'प्रत्येक नागरिकलाई कानुनमा व्यवस्था भएबमोजिम खाद्य सम्प्रभूताको हक हुनेछ' भनी उल्लेख गरिएको छ । त्यस्तै, अन्तरिम संविधानकै भाग ४ को धारा ३५ मा सरकारका नीतिहरूअन्तरगत सरकारले वन र वनस्पति तथा जैविक विविधताको संरक्षण, दीगो उपयोग र त्यसबाट प्राप्त लाभमा समन्यायिक बाँडफाँडको व्यवस्था गर्नेछ' भन्ने उल्लेख छ । यी दुई प्रावधानले नेपालमा खाद्य सम्प्रभूतालाई मौलिक हकको रूपमा स्थापित गरिदिएका छन् । तर संविधानमा खाद्य सम्प्रभूतालाई मौलिक हक भनिएको भएपनि अहिलेसम्म खाद्य सुरक्षासम्बन्धी स्पष्ट नीति बन्न सकेको छैन र यसका लागि आवश्यक पर्ने ऐनको तर्जुमा हुन सकेको छैन । त्यसैले खाद्य सम्प्रभूताका लागि कृषिक्षेत्रमा लगानी वृद्धिसँगै राष्ट्रिय खाद्य सुरक्षा ऐन, भू-उपयोग नीति, खाद्य उपयोग विविधीकरण नीति र खाद्य न्यून जिल्लाहरूमा कृषि विकासका विशेष कार्यक्रमहरूको आवश्यकता देखिन्छ ।

सरकारको वार्षिक बजेट र आवधिक योजनाहरूमा खाद्य सुरक्षालाई निकै महत्व दिने गरिन्छ । तर उल्लेख भएका कार्यक्रमको कार्यान्वयन चाहिँ विरलै हुने गरेका छन् । खाद्य सुरक्षाको दृष्टिले खेतीयोग्य जमीन नष्ट हुन नदिन सरकारले आर्थिक वर्ष २०६६/६७ को बजेट वक्तव्यमार्फत् जग्गाको वर्गीकरण गर्न थालेको छ र वर्गीकरण गरिए बमोजिममात्र जग्गाको प्रयोग गर्न पाइने उल्लेख भएको छ । तर अहिलेसम्म त्यसका लागि कार्यविधिसमेत बन्न सकेको छैन । नयाँ तीन वर्षे योजनाको आधारपत्रमा प्रतिव्यक्ति कृषिजन्य तथा पशुजन्य वस्तुको उत्पादन र उपभोगमा वृद्धि गर्ने लक्ष्य लिइएको छ; एवं खाद्य सुरक्षाका लागि विभिन्न रणनीति र कार्यनीति प्रस्ताव गरिएको छ । अब आधारपत्रमा लिइएको लक्ष्य अनुरूपको विस्तृत योजना र कार्यक्रम आउनु आवश्यक छ ।

# ३ बीउ व्यवसायका केही पक्ष

## ३.१ बीउको कारोबार र उपयोग

बीउ जैविक विविधताको एउटा अंग हो । यसलाई कृषि तथा खाद्य सुरक्षाको दृष्टिले प्रधान पक्ष मानिन्छ । उपयुक्त जातको गुणस्तरीय बीउ पर्याप्त परिमाणमा उपलब्ध नहुँदा उत्पादन उल्लेख्यरूपमा बढ्न सक्दैन र बढ्दो जनसंख्या वृद्धिको कारण बढ्दै गएको खाद्यान्न आवश्यकतालाई परिपूर्ति गर्न पनि सकिन्न । यो पृष्ठभूमिमा नेपालमा बीउको कारोबारको विधि र अभ्यास तथा यसको उपयोगका केही पक्षका बारेमा यहाँ उल्लेख गर्नु उपयुक्त देखिन्छ ।

**बीउबिजनको जातको अनुमोदन र उन्मोचनः** बीउबिजन ऐन २०४५ अन्तरगत रहेर नेपालमा राष्ट्रिय बीउबिजन समिति गठन गरिएको छ । कृषि तथा सहकारी मन्त्रालयअन्तरगत पर्ने बीउबिजन गुणस्तर नियन्त्रण केन्द्रले यस समितिको सचिवालयको कार्य गर्दछ । यो समितिले नयाँ जातका बीउबिजनको अनुमोदन, उन्मोचन तथा दर्ता गर्ने काम गर्छ; र नेपालमा प्रयोगमा आउने नयाँ जातको बीउको विशिष्टता, एकरूपता र स्थायित्वको परीक्षण गर्ने तथा नेपालभित्र उत्पादित वा विदेशबाट आयातीत बीउबिजनको गुणस्तर नियमित गर्ने गर्दछ । यसले आर्थिक वर्ष २०६६/६७ को दोस्रो चौमासिकसम्ममा ४४ बालीका २ सय ३२ जातको उन्मोचन गरी सिफारिस गरेको छ । त्यस्तै, विभिन्न तरकारी बालीका १ सय ८७ हाइब्रीड जातको दर्ता गरेको छ र ३५ विभिन्न बालीका पुराना जातलाई सूचीबाट हटाएको छ ।

**बीउ आपूर्ति र प्रयोगको पक्षः** नेपालमा धेरैजसो धान, गहुँ, मकै, कोदो, जौजस्ता मुख्य खाद्य बालीको नै खेती गरिन्छ । ती बालीको खेतीको करीब ९० प्रतिशत बीउको आवश्यकता किसानहरूले आफैं उत्पादन गरेको उपजबाट जोगाएर, अन्य किसानसँग साटासाट गरेर र स्थानीय चिनेजानेका किसानले उत्पादन गरेको उपज खरिद् गरेर पूरा गरिन्छ । नयाँ बीउ राख्ने र पुरानोलाई प्रतिस्थापन गर्ने दर भने ७ प्रतिशतमात्र छ; बीउ कम्पनीले उत्पादन गरेका आधुनिक बीउको उपयोग केवल २ प्रतिशत हुन्छ । हिमाल र पहाडका खाद्यान्न न्यून भएका जिल्लामा त्यस्ता सुधारिएका

बीउको बिक्रीवितरण अझै न्यून छ । कुल बीउको बिक्रीवितरणमा गहुँको माग सबैभन्दा उच्च (४८ प्रतिशत) छ । त्यसपछि धान (३९ प्रतिशत) र मकै (१० प्रतिशत) को बीउको माग औपचारिक बजारमा बढी छ । कुल खाद्यबालीको खेती गरिने जमीनको करीब ५० प्रतिशत क्षेत्रफल हिमाल र पहाडमा पर्छ । तर वि.सं. २०५८/५९ को तथ्यांकअनुसार पहाडी जिल्लामा औसत १३ प्रतिशत मात्र बीउ कम्पनीबाट उत्पादित बीउ पुगेको थियो । हिमाली क्षेत्रमा त धान र मकैको यस्तो बीउ बिक्री नै भएन भने पनि हुन्छ ।

कृषि बालीको उत्पादकत्व वृद्धि गर्ने हो भने प्रत्येक ३-४ वर्षमा बीउ परिवर्तन गर्नुपर्छ भन्ने मान्यता रहेको छ । तर नेपालमा यस्तो अभ्यास हुन सकेको छैन । नेपाल कृषि अनुसन्धान परिषद्ले धानको खेती भएको कुल क्षेत्रफलको ८७ प्रतिशत जमीनमा उन्नत जातका धानको खेती गरिएको दाबी गर्दछ यद्यपी आधुनिक वा उन्नत भनिएका हाल प्रयोगमा आएका अधिकांश धानका जात ज्यादै पुराना र उत्पादकत्वमा ठूलो ह्रास आइसकेका जात हुन् । उदाहरणका लागि वि.सं. २०५४ मा चितवन र नवलपरासीमा चैते धान लगाउने ९६ प्रतिशत किसानले ५० वर्षअघि सिफारिस गरिएको सिएएच ४५ जातको धान लगाएका थिए । त्यही वर्ष मुख्य वर्षे धानको रूपमा ७५ प्रतिशत किसानले ३६ वर्ष अगाडि भित्रिएको मन्सुली धान र उस्तै पुरानो सावित्री जातको धान लगाएका थिए ।

नेपालको कृषि विकासमा बीउको सुधार र विकासको लागि नेपाल कृषि अनुसन्धान परिषद्ले कार्य गर्ने गरी तोकिएको छ । राष्ट्रिय बीउबिजन कम्पनीले परिषद्ले विकास र सुधार गरेका बीउ लगेर बीज वृद्धि र बिक्रीवितरण गर्दछ । त्यसबाहेक कृषि विभागअन्तरगतका जिल्ला बीउ आत्मनिर्भर कार्यक्रममार्फत् पनि बीउको उत्पादन हुँदै आएको छ । तर उल्लेखित निकायका कार्यहरू प्रभावकारी भएको देखिएको छैन । राष्ट्रिय बीउबिजन कम्पनीले परिषद्बाट सुधार र विकास गरिएका जातको बीजवृद्धि र बिक्रीवितरण गर्नुपर्नेमा धेरैजसो परिषद्बाट प्राप्त मूल बीउ सोझै बिक्री गरिदिन्छ । परिषद्ले बालीका जातको उन्मोचन गर्न धेरै समय लगाउनु तथा प्रजनन गरिएका बीउ र मूल बीउ पर्याप्त मात्रामा उत्पादन गर्न नसक्नु बीउ आपूर्ति अपर्याप्त हुने अर्को प्रमुख कारण हो । परिषद्लाई बालीको एउटा जात विकास गर्न १२ देखि १५ वर्ष लागेको देखिन्छ जसकोकारण किसानहरू परिषद्ले सिफारिस गर्ने जात पर्खनुको सट्टामा सिफारिस नै नगरिएका जातको प्रयोग गर्दछन् र जोखिममा पर्दछन् । पछिल्लो समयमा बीउबिजन कारोबारमा निजी क्षेत्रको सहभागिता बढेको छ तर उनीहरूको कार्य बीजवृद्धिभन्दा आयात र बिक्रीमा नै केन्द्रित छन् । बीउ महँगो हुनु, पहाडी भेगमा यातायातको कठिनाई, प्रचारप्रसारको कमी, सरकारी तथा निजी निकायबीच कमजोर समन्वय, भोगोलिक क्षेत्रअनुसार बीउबिजनको माग र आपूर्तिको प्रक्षेपण गर्न नसक्नुजस्ता कारण पनि पर्याप्त र प्रभावकारी बीउ उत्पादन तथा वितरण हुन नसक्नुमा जिम्मेवार देखिन्छन् ।

| तालिका ३.१ | राष्ट्रिय बीउबिजन कम्पनीबाट बिक्री भएको उन्नत जातको बीउको विवरण | | | | |
|---|---|---|---|---|---|
| | | | | | मेट्रिक टनमा |
| **बाली** | **२०६१/६२** | **२०६२/६३** | **२०६३/६४** | **२०६४/६५** | **२०६५/६६** |
| धान | ५६० | ६६४ | ६६१ | ८९७ | ९३१ |
| गहुँ | २२३७ | २५९० | २४५१ | २८८३ | २९९० |
| मकै | २ | ११ | ५.८१ | १ | ०.२५ |
| तरकारी | ३ | ३ | ८.४ | १५ | ५.०१ |
| अन्य | २४ | ३५ | ३१.९४ | ८ | ९.९२ |
| **जम्मा** | **२८२६** | **३३०३** | **३१५८.१५** | **३८०४** | **३९३६.१८** |

*स्रोतः राष्ट्रिय बीउबिजन कम्पनीबाट प्राप्त तथ्यांक ।*

**बीउ आयात-निर्यातको आयामः** नेपालमा खाद्यबालीको खेती गर्दा किसानले परम्परागतरूपमा आफैं संरक्षण गरेका बीउ नै बढी प्रयोग गरिन्छ । तर पछिल्लो केही वर्षयता भने खासगरी उन्नत जात र हाइब्रीड बीउहरूको आयात निकै बढेको छ र बीउको आयातका लागि करोडौं रूपैंया विदेशिने गरेको छ । यसरी आयात हुने बीउहरूमध्ये तरकारीको बीउको अंश बढी रहेको छ र त्यसमा पनि हाइब्रीड बीउको अंश बढी छ । वार्षिक करीब १ हजार ८ सय मेट्रिक टन तरकारीको बीउको मागमा करीब ९ सय मेट्रिक टन आन्तरिक उत्पादनबाट आपूर्ति हुने गर्दछ । बाँकी बीउ भारत, चीन, थाइल्याण्ड, अमेरिकालगायतका मुलुकबाट आयात गरिन्छ । आयातीत उक्त बीउमध्ये झण्डै ९० प्रतिशत हाइब्रीड बीउहरू हुन्छन् । खाद्यान्न बालीहरूमध्ये मकैको हाइब्रीड बीउ बढी आयात हुने गरेको छ । कृषि मन्त्रालयको एक तथ्यांक अनुसार आर्थिक वर्ष २०६५/६६ मा भारत, थाइल्याण्ड र अर्जेन्टिनाबाट झण्डै ४ लाख ५८ हजार केजी मकैको बीउ आयात भएको थियो ।

आयातको तुलनामा बीउको निर्यात भने ज्यादै कम रहेको छ । संस्थागतरूपमा नेपालबाट बंगलादेशमा मूलाको बीउ निर्यात हुने गर्दछ । आर्थिक वर्ष २०६५/६६ सम्ममा करीब ४८ हजार मेट्रिक टन मूलाको बीउ बंगालादेश निकासी गर्न विभिन्न बीउ कम्पनीहरूले राष्ट्रिय बीउबिजन समितिबाट स्वीकृति लिएको देखिन्छ । पछिल्लो समय निजी क्षेत्रका व्यवसायीहरू गाँजर, प्याज र गोलभेंडालगायत तरकारीका बीउको उत्पादन र निर्यातमा जोड दिंदै आएका छन् तर तिनको निर्यातको परिमाण अझै उल्लेख्य देखिँदैन ।

**बीउको अनौपचारिक कारोबारः** नेपालमा बीउको कारोबार औपचारिक र अनौपचारिक दुवै विधिबाट हुने गरेको छ । खाद्यान्न बालीको बीउको कारोबार ९० प्रतिशतभन्दा

बढी अनौपचारिकरूपमा हुने गर्दछ । यस्तो कारोबार किसानहरूले आफूले उत्पादन गरेका उपज आपसमा साटासाट गरेर वा एक–अर्कासँग खरिद् गरेर गर्दछन् । तरकारीमा चाहिँ प्रायः नयाँ बीउ प्रयोग गरिने र ती बीउको झण्डै ९० प्रतिशत अंश औपचारिक प्रणालीमार्फत् कारोबार हुने गर्दछ । औपचारिक क्षेत्रमा हुने तरकारीको बीउको कारोबारको करीब ४५ प्रतिशत देशभित्रको उत्पादनबाट र बाँकी ५५ प्रतिशत आयात गरेर परिपूर्ति गरिन्छ र त्यसमा झण्डै ९० प्रतिशत बीउ हाईब्रीड बीउ हुने गरेको छ । बीउको औपचारिक कारोबार सरकारी निकाय र निजीस्तरमा संचालित दर्तावाल एग्रोभेटमार्फत् भएको पाइन्छ ।

नेपालमा हाइब्रीड बीउको अभ्यास क्रमशः बढ्दै गएको छ । यहाँ हाइब्रीड बीउ प्रयोग हुने प्रमुख बालीमध्ये मकै एक हो । मुलुकमा कूल मकैको खेती हुने ९ लाख हेक्टर क्षेत्रफलमा करीब ६५ हजार हेक्टर क्षेत्रमा हाइब्रीड बीउको प्रयोग हुने गरेको मानिन्छ । उल्लेखित हाइब्रीड बीउमा नेपाल पूर्णतः भारतमा निर्भर रहेको छ । नेपाल कृषि अनुसन्धान परिषद्ले विकास गरेको मकैको हाइब्रीड बीउ सफल हुन सकेन भने धानको हाइब्रीड बीउ हालसम्म विकास गर्न सकेको छैन ।

**जीएमओको प्रयोग र नियन्त्रणको स्थितिः** विश्वमा *जिनेटिक इन्जिनियरिङ*को प्रयोग गरी चाहेअनुरूपका गुण भएका आनुवंश परिवर्तित बालीहरूको विकास गर्ने क्रम बढेको छ । नेपालमा हालसम्म यसको विकास भएको छैन तर छिमेकी मुलुक भारत र चीनमा यसको विकास र प्रयोग हुन थालिसकेको छ । नेपालको भारतसँग खुला सीमाना छ र यी दुई देशबीच व्यापक अनौपचारिक व्यापार हुने गरेको छ । यही कारण भारतबाट थाहा भएर वा नभइकन त्यस्ता जीव वा वनस्पति नेपाल भित्रिन सक्दछ । यो पृष्ठभूमिमा खासगरी आयातीत बीउ अनुवंश परिवर्तित हो कि होइन भनेर सावधानी अपनाउनु आवश्यक छ र यसका लागि आयात गरिने बीउ परीक्षण गरेर मात्र भित्र्याउने प्रबन्ध गर्नुपर्दछ । राष्ट्रिय कृषि नीति २०६१ ले जिएमओको उत्पादनलाई नियमन गरिने उल्लेख गरेको छ र कृषि जैविक विविधता नीति २०६३ मा पनि कसैले जिएमओको आयात, उत्पादन, प्रयोग र वितरण गर्न चाहेमा सरकारसँग पूर्व–स्वीकृति लिनुपर्ने उल्लेख छ । तर यसका लागि पर्याप्तमात्रामा संस्थागत संरचनाको विकास हुन सकेको छैन । राष्ट्रिय बीउबिजन केन्द्रमा जिएमओ परीक्षणको प्रयोगशाला स्थापना गरिएको भएपनि दक्ष जनशक्तिको अभाव रहेको छ ।

आर्थिक वर्ष २०६५/६६ मा मकै र भटमासमा जिएमओ परीक्षण कार्यक्रम राखिएको थियो । यसअन्तरगत मकैको आयातीत बीउको नमुना भैरहवा र विराटनगरबाट संकलन गरी परीक्षण गर्दा ती बीउ जिएमओ नभएको पाइयो । त्यस्तै, काठमाडौंका ५ एग्रोभेटबाट संकलन गरिएका भटमासको आयातीत बीउको नमुना परीक्षण गर्दा ती बीउहरूमा पनि जिएमओ नभएको पाइएको केन्द्रको प्रतिवेदनमा उल्लेख छ ।

**कोष्ठक ३.१ अनुवांशिक परिवर्तित जीव *(जिएमओ)***

प्राकृतिकरूपमा एक-अर्कासँग संसर्ग नगर्ने दुई भिन्न प्रकारका जीव वा वनस्पतिबीचमा *जेनेटिक इन्जिनियरिङ* विधिद्वारा एउटाको खास प्रकारको गुण भएको अंनुवंश *(जीन)* अर्कोमा सारेर विकास गरिएको नयाँ जीव वा वनस्पतिलाई आनुवांशिक परिवर्तित जीव *(जिनेटिकल्ली मोडिफाइड अर्गानिज्म–जिएमओ)* भनिन्छ (बीउबिजन गुणस्तर नियन्त्रण केन्द्र २०६६) । कुनै खास प्रकारको जीव वा वनस्पतिमा आफूले चाहेको खास प्रकारको गुण नभएको खण्डमा अन्य कुनै जीव वा वनस्पतिको अनुवंशबाट त्यस्तो गुण प्राप्त गरी सम्बन्धित जीव वा वनस्पतिमा प्रविष्ट गराइन्छ र आफूले चाहेअनुसारको गुणयुक्त जीव वा वनस्पतिको विकास गरिन्छ । हालसम्म विश्वमा भट्टमास, मकै, तोरी, धान, मेवा, गोलभेंडालगायतका खाद्यबालीमा आनुवंश परिवर्तित जातको विकास भइसकेका छन् । आनुवंश परिवर्तित बीउ भारत, चीन, अमेरिका, अष्ट्रेलियालगायतका २० राष्ट्रहरूमा बढी प्रचलनमा देखिएका छन् ।

कृषिजन्य वनस्पति र प्राणीमा जीएमओको प्रयोग खाद्यान्न उत्पादन र पौष्टिकता अभिवृद्धि तथा बदलिँदो पर्यावरणसँग अनुकूलनताका लागि गरिन्छ । त्यसैले बढ्दो जनसंख्या, घट्दो खेतीयोग्य जमीन र पर्यावरणीय परिवर्तनको परिप्रेक्षमा खाद्य सुरक्षाका लागि जीएमओ आवश्यक छ भनेर भन्ने गरिन्छ । तर दीर्घकालमा जिएमओका कारण जैविक विविधता र मानव स्वास्थ्यमा नकारात्मक असर पर्ने पनि उत्तिकै सम्भावना हुन्छ । त्यसैले यसको प्रयोगलाई निरूत्साहित गर्नुपर्ने अर्काथरीको तर्क रहेको छ ।

अन्तर्राष्ट्रिय व्यापारको खुला परिवेशका कारण अनुवंश परिवर्तित भएका बीउबिजन कुनै पनि देशमा आयात हुन सक्छन् । जिएमओबाट फाइदासँगै दीर्घकालीन नकारात्मक असर पनि पर्नसक्ने भएकोले त्यस्तो असर हुनुअघि नै सावधानी अपनाउनु पर्दछ र आयातको नियमन गर्नुपर्दछ । उत्पादन र पैठारी हुनसक्ने बीउको वैज्ञानिक परीक्षण र अनुसन्धान गरी अनुवंश परिवर्तन भए नभएको र परिवर्तन भएको भए त्यसको बनोट, गुण–दोषबारे विस्तृत विश्लेषण गरी ती बीउको प्रयोगले जैविक विविधता, मानव स्वास्थ्य तथा वातावरणमा पर्नसक्ने असर यकीन गरी आयात खुला गर्ने वा प्रतिबन्ध लगाउने निर्णय गर्नुपर्दछ ।

## ३.२ बीउ व्यवसायको नियमन गर्ने नीतिगत र कानुनी संरचना

**नीति, कानुन र नियमावलीः** बीउबिजनको गुणस्तर नियन्त्रणको कार्यलाई प्रभावकारी बनाउन र उन्नत बीउबिजनलई सर्व-सुलभ बनाउन नेपाल सरकारले विभिन्न नीतिगत

र कानुनी व्यवस्था गरेको छ । बीउबिजन ऐन २०४५, बीउबिजन नियमावली २०५४, बीउबिजन नीति २०५६ र बीउबिजन उत्पादन कार्यविधि निर्देशिका २०५६ हाल कार्यान्वयनमा रहेका प्रबन्धहरू हुन् ।

नेपाल सरकारले बीउबिजन नीति २०५६ सालमा जारी गर्‍यो । बदलिँदो विश्व व्यापार प्रणाली, देशको खाद्य सुरक्षा तथा कृषिको व्यवसायीकरणको आवश्यकता एवं कृषिजन्य आनुवंशिक स्रोतको संरक्षण गर्नुपर्ने व्यापक दायित्व रहेको पृष्ठभूमिमा यो नीति जारी गरिएको छ र यसले विभिन्न बालीको गुणस्तरीय बीउ व्यवस्थित ढंगले र पर्याप्तमात्रामा उपलब्ध गराउने, गुणस्तरीय बीउको उत्पादन र निर्यात प्रवर्द्धन गर्ने, बीउ व्यवसायलाई प्रभावकारी बनाउने, आफ्नै विशेषता भएको बीउको आनुवंशिक चरित्रलाई अक्षुर्ण र सुरक्षित राख्ने उद्देश्य लिएको छ । यसैको अघि-पछि पारेर बीउबिजन नियमावली २०५४ तथा बीउबिजन उत्पादन निर्देशिका २०५६ जारी गरिएका छन् । बीउबिजन ऐन २०४५ चाहिँ अहिले संसोधनको चरणमा रहेको छ ।

नेपालमा अहिले कुनै व्यक्ति वा संस्थाले बीउबिजनको कारोबार गर्न चाहेमा राष्ट्रिय बीउबिजन समितिबाट अनुमतिको प्रमाणपत्र लिनुपर्दछ । बीउ आयातनिर्यात गर्नको लागि पहिले बीउलाई सूचित गरिएको हुनुपर्दछ । राष्ट्रिय बीउबिजन गुणस्तर नियन्त्रण केन्द्रबाट स्वीकृति नलिई आयातनिर्यात गर्न समेत पाइन्न । बीउ आयात गर्नका लागि भन्सार नाकामा रहेका क्वारेन्टाइन कार्यालयमा आयात गर्न चाहेको बीउ स्वच्छ भएको प्रमाणित गर्ने प्रमाणपत्र पेश गर्नुपर्दछ । यदि आयात गर्न चाहेको बीउ सूचीकृत नभएको जात हो भने पहिले सूचीकृत गर्नुपर्दछ । बीउको सूचीकरणका लागि बीउको पूर्ण विवरण बीउबिजन समितिमा पेश गर्नुपर्छ । समिति त्यसप्रति सन्तुष्ट भएन भने सूचीकृत गर्नु पहिले नै बीउको आधिकारिक नमुना लिएर त्यसको विशिष्टता र एकरूपता परीक्षण गरी हेर्न सक्छ ।

**नियमनकारी निकायः** बीउबिजनको विकास गर्न, त्यससम्बन्धी नीति तथा कार्यक्रम तर्जुमा गर्न एवं विभिन्न निकायबाट किसानलाई उपलब्ध गराइने बीउको गुणस्तर निर्धारण, जाँच-परीक्षण, प्रमाणीकरण र नियन्त्रणको कार्य गर्न बीउबिजन गुणस्तर नियन्त्रण केन्द्रलाई तोकिएको छ । यो बीउबिजन गुणस्तर नियन्त्रणसम्बन्धी काम गर्ने सरकारको आधिकारिक निकाय हो जसको उद्देश्य किसानलाई गुणस्तरीय बीउको उपलब्धता सुनिश्चित गर्नु, गुणस्तरीय बीउको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कारोबारमार्फत् किसानको आय वृद्धिका लागि सघाउनु, बीउबिजनको आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धन गर्नु हो । यसले बीउबिजनसँग सम्बन्धित अन्य निकायसँग समन्वयको कार्यसमेत गर्दछ । नेपाल विश्व व्यापार संगठनको सदस्य भइसकेको परिस्थितिमा अन्तर्राष्ट्रिय मापदण्डअनुरूप बीउको गुणस्तर कायम गराउनु यसको अर्को दायित्व हो (अन्य नियमनकारी निकायबारे कोष्ठक ३.२ मा) ।

**कोष्ठक ३.२ बीउबिजनसम्बन्धी अन्य नियमनकारी निकायहरू**

**राष्ट्रिय बीउबिजन समितिको सचिवालयः** बीउबिजन ऐन २०४५ अन्तरगत स्थापना गरिएको यस सचिवालयले सरकारलाई बीउबिजनसम्बन्धी नीति निर्माण तथा कार्यान्वयनका सन्दर्भमा सल्लाह-सुझाव दिने गर्दछ । साथै यसले बीउबिजनको वासलात तयार गर्ने; निकायगत विभिन्न समिति तथा उपसमितिहरूको बैठक सञ्चालन तथा तिनको निर्णय कार्यान्वयन र अनुगमन गर्ने; बीउ प्रमाणीकरण, बीउ नमुना लिने विधिको तर्जुमा, ऐन प्रयोजनको लागि निर्देशिका तयार गर्नेआदि कार्य गर्दछ । यसअन्तरगत अनुमोदन, उन्मोचन र दर्ता उपसमिति; गुणस्तर निर्धारण व्यवस्था उपसमिति; र योजना तर्जुमा तथा अनुगमन उपसमिति गरी तीन उपसमिति क्रियाशील छन् ।

**केन्द्रीय बीउबिजन परीक्षण प्रयोगशालाः** सबै सरकारी तथा गैरसरकारी संस्थाद्वारा संचालित बीउबिजन प्रयोगशालाको कार्यमा एकरूपता कायम गर्न यसको स्थापना गरिएको हो । यसले बीउको परीक्षण तथा सम्परीक्षण, प्रयोगशालाको अनुगमन र निरीक्षण, बीउबिजनको स्तर विकास र परिमार्जन, समस्यामूलक बीउबिजनका नमुना अध्ययन, तालिम तथा समन्वयको कार्य गर्दछ ।

**बीउबिजन प्रमाणीकरण इकाईः** यस्ता इकाईहरू बीउ उत्पादन गरिने खेतको निरीक्षण र उत्पादित बीउको प्रमाणीकरणको कार्यमा संलग्न हुन्छन् । यस्ता इकाईहरूले बीउ बालीको स्तर निर्धारण, बीउको प्रमाणीकरण र *ट्याग*को वितरण, बीउ बालीको खेत निरीक्षण तथा प्रमाणीकरण गर्दा आइपर्ने समस्याको समाधानलगायतका कार्य गर्दछन् । हाल नेपालमा केन्द्रमा रहेको एउटा र पाँच विकास क्षेत्र प्रत्येकमा रहेको एक-एक वटा बीउबिजन परीक्षण प्रयोगशाला गरी जम्मा छ वटा संस्थाले प्रमाणीकरण इकाईको कार्य गर्दै आएका छन् ।

**बीउबिजन/जातीय रजिष्ट्रेशन इकाईः** बालीको जातीय विकासदेखि आयातनिर्यातसम्मको प्रत्येक गतिविधिमा बीउबिजनको गुणस्तर नियन्त्रण र नियमन गर्ने जिम्मेवारी यसै इकाईको हो । यसले मुलुकभरि नै बीउको बजार निरीक्षण र बीउको गुणस्तर स्थितिको अध्ययन, आयातनिर्यात भएका बीउको दर्ता र अभिलेखीकरणको कार्य एवं उन्मोचन भएका बालीको तथ्यांक राख्ने लगायतका कार्यहरू गर्दछ ।

**निजी क्षेत्रको सहभागिताः** निजी क्षेत्रको बीउ उत्पादनमा संलग्नता नेपालमा वि.सं. २०३७ पछि शुरू भएको हो । आरम्भदेखि हालसम्म यो क्षेत्र खासगरी तरकारीको बीउ उत्पादनमा नै बढी केन्द्रित देखिन्छ । वि.सं. २०३१/३२ मा कूल ९ मेट्रिक टन

तरकारीको बीउ उत्पादन भएकोमा सबै सरकारमातहतको निकायले गरेको थियो । २०३६/३७ मा सरकारले १२ मेट्रिक टन र निजी क्षेत्रले ८ मेट्रिक टन उत्पादन गऱ्यो । तर वि.सं. २०६४/६५ मा भने निजी क्षेत्रले ९ सय १० मेट्रिक टन र सरकारी क्षेत्रले ७ दशमलव ५ मेट्रिक टन उत्पादन गरेको तथ्यांकबाट देखिन्छ ।

सरकारले वि.सं. २०५६ मा राष्ट्रिय बीउबिजन नीति जारी गऱ्यो । उक्त नीतिमा जात विकास तथा सम्बर्द्धनको कार्यमा निजी क्षेत्र र गैरसरकारी क्षेत्रसमेतलाई संलग्न गराइने उल्लेख गरिएको छ । यसै नीति अनुरूप २०६२ सालमा बीउबिजन व्यवसायी दर्तासम्बन्धी कार्यविधि जारी गरियो जसले निजी क्षेत्रलाई जातीय विकासमा संलग्न हुन पाउने ढोका खोलिदिएको छ (थापा २०६६) । यो नीति जारी भएपछि केही गैरसरकारी संस्थाहरू नेपाल कृषि अनुसन्धान परिषद्को सहयोग र किसानको सहभागितामा बाली प्रजनन कार्यक्रममार्फत् नयाँ जातको बीउको विकासमा संलग्न हुन थालेका छन्; लुम्ले कृषि अनुसन्धान केन्द्रले माछापुच्छ्रे र जैविक विविधता, अनुसन्धान तथा विकासका लागि स्थानीय पहल (ली–बर्ड) ले वर्षे ३००४, पोखरेली जेठोबुढो र सुनौलो सुगन्धा नामका धानका जात विकास गरिसकेका छन् । यसै पद्धतिअन्तरगत केही मकै र धानका अन्य जात परीक्षण र विकासको क्रममा रहेका छन् । तर उल्लेखित कार्य गर्ने भनेर धेरै निजी उद्यमी दर्ता भएका भएपनि सो कार्यभन्दा उनीहरू बीउबिजनको बिक्रीवितरणमा नै ज्यादा सक्रिय छन्; ठूला व्यावसायिक घराना यो क्षेत्रमा आकर्षित हुन सकेका छैनन् ।

### कोष्ठक ३.३ बीउको गुण नियन्त्रणको विधि

बीउको गुण नियन्त्रणको कार्य सामान्यतया दुई तरिकाले गरिन्छ । बीउ बालीको खेत निरीक्षण गर्ने; बीउ, बीउको गोदाम, बीउ प्रशोधन र बोराबन्दीको कार्यको निरीक्षण गर्ने; र प्रमाण र संकेत *ट्याग* लगाउने कार्यद्वारा गरिने गुण नियन्त्रणको विधिलाई बीउबिजन प्रमाणीकरण भनिन्छ । यो कार्य सरकारको साधन स्रोत प्रयोग गरी सरकारी संयन्त्रमार्फत् गरिन्छ ।

बीउ उत्पादन र बिक्रीको कार्यमा संलग्न व्यक्ति वा संस्था आफैंले कारोबार हुने बीउको परीक्षण, खेतबारी निरीक्षण र लेवल लगाएर बजारमा बिक्रीका लागि ल्याउने चाहिँ अर्को विधि हो । यो विधि अनुसार गुण नियन्त्रण गर्दा व्यवसायी आफैंले सरकारले तोकेबमोजिम गुणस्तर परीक्षण गर्नुपर्दछ र उपयुक्त भएको जानकारी दिनुपर्दछ । सरकारले यो विधिबाट गुण नियन्त्रण गर्नका लागि व्यवसायीले प्रमाणित गरेर बजारमा ल्याएका बीउको निरीक्षण गर्दछ । हालसम्म यस्तो निरीक्षणबाट प्रत्येक एक सयको लटमा झण्डै ३५ लट बीउ कमसल खालको रहेको पाइएको छ ।

**सरकारी नीति-नियमको कार्यान्वयनको अवस्थाः** बीउबिजन व्यवसायको सन्दर्भमा कृषक त्यसको उपभोक्ता हो । त्यसैले उपभोक्ताको रूपमा कृषकको सरोकार बीउको गुण, मूल्य, उपलब्धताआदिमा हुन्छ । यसै कुरालाई ध्यान दिएर नेपाल सरकारले बीउबिजनको गुण नियन्त्रणका लागि बीउबिजन ऐन २०४५, बीउबिजन नियमावली २०५४ जस्ता ऐन, नियमावली र अन्य केही नीति ल्याएको छ । ती ऐन, नियमावली तथा नीतिहरूमा व्यावसायिक कारोबार गरिने कृषिजन्य बीउलाई राष्ट्रिय बीउबिजन समितिमा सूचीकरण गराउनुपर्ने र उक्त बीउको प्रयोगको लागि उपयुक्त क्षेत्रको जानकारी दिनुपर्ने उल्लेख छ । साथै, त्यस्ता बीउको निकासीपैठारी गर्दा समितिबाट अनुमति लिनुपर्ने प्रबन्ध गरिएको छ । तर कानुनमा भएका सबै प्रावधानको अभ्यास हुन सकेको छैन । यसो हुनुमा कानुनमा भएको अस्पष्टता र अपर्याप्तता पनि केही हद्सम्म जिम्मेवार देखिन्छन् ।

विद्यमान बीउबिजन नियमावलीमा बिक्रीका लागि बजारमा ल्याइने बीउ र त्यसको उत्पादन क्षमताबारे सही सूचना दिनुपर्ने, गलत सूचना भएको लेवल बीउमा राख्न नहुनेआदि उल्लेख गरिएको छ । तर त्यस्ता शर्त पालना नगर्ने बीउ कम्पनी वा वितरकलाई के सजाय दिने भन्ने चाहिँ स्पष्ट छैन । बीउको खराबीका कारण उत्पादन हुन सकेन भने उत्पादक वा वितरकले कृषकलाई क्षतिपूर्ति दिनुपर्नेबारे नियमावली स्पष्ट छैन र यसैको कारण कृषक समुदायको उपभोक्ता हक कण्ठित हुन गएमा त्यसलाई सम्बोधन गर्ने प्रबन्ध पनि गरिएको छैन । उदाहरणका लागि हालैका वर्षहरूमा नेपालको मध्य-तराईमा हाइब्रीड मकैको बालीमा देखिएको समस्यालाई लिन सकिन्छ । ती क्षेत्रमा किसानले लगाएका हाइब्रीड बीउहरू सूचीकरण नभएका र बिक्रीवितरणका लागि सरकारबाट अनुमतिसमेत प्राप्त नगरेका बीउ हुन् । ती बीउको प्रयोग गर्दा मध्य-तराईका केही भागमा मकैको उत्पादन नै हुन सकेन । तर अझै ती बीउ उत्पादक वा वितरकलाई कुनै प्रकारको कारवाही हुन सकेको छैन ।

राष्ट्रिय बीउबिजन नीति २०५६ मा बीउबिजनको संकट आउन नदिन बीउको राष्ट्रियस्तरको जगेडा (बफर स्टक) को व्यवस्था गर्ने भनिएको छ । यसका लागि केही सामुदायिक संस्थाहरूले आफ्नो समुदायस्तरमा आफ्नै प्रकारको बीउ बैंक संचालनको प्रयास थालेका छन् तर राष्ट्रियस्तरमा त्यस्तो प्रबन्ध भने अझै हुन सकेको छैन ।

परापूर्वकालदेखि कृषक समुदायले परम्परागत खालको कृषि कार्यद्वारा परम्परागत बीउका जातको संरक्षण गर्दै आएका छन् । त्यसैले कृषि तथा बीउबिजनसम्बन्धी ऐन, कानुन र अभ्यासहरूले कृषकको अधिकारलाई कुण्ठित गर्ने होइन संरक्षण गर्नुपर्छ भन्ने मान्यता राखिन्छ । तर उदार व्यापार प्रणालीको विश्व परिवेशमा कतिपय विश्वस्तरीय महासन्धि, सम्झौता र अन्तर्राष्ट्रिय कानुनले कृषकको हक-अधिकारलाई प्रभावित पार्ने सम्भावना बढ्दै गएको छ । यो सन्दर्भमा नेपालले खासगरी कृषक, आदिवासी जनजातिलगायतका स्थानीय समुदायको परम्परागत ज्ञान, सीप र प्रविधिको संरक्षण

तथा उपयोग गर्ने नीतिगत र कानुनी प्रबन्ध गर्नुपर्दछ र ती समुदायको संलग्नतामा बढी उत्पादन दिने उन्नत जातका नयाँ बीउबिजनको विकासमा ध्यान दिनुपर्दछ (थापा २०६६) । साथै नेपाली कृषक तथा स्थानीय समुदायको अधिकारको संरक्षणका लागि नेपाल पक्षधर रहेको जैविक विविधता महासन्धि तथा खाद्य र कृषिका लागि वानस्पतिक आनुवंशिक स्रोतसम्बन्धी अन्तर्राष्ट्रिय सन्धिमा भएका कृषक अधिकारमैत्री प्रावधानसमेत उपयोग गरी जातीय अनुसन्धान, प्रजनन र विकासको कार्यलाई संस्थागत गर्न सबै सरोकारवालाबीच छलफल र सहकार्य अगाडि बढाउनु जरूरी देखिन्छ ।

नेपालले विश्वव्यापार संगठनको सदस्यता लिने क्रममा विरूवाको जातमा प्रजनकको अधिकार संरक्षण गर्ने कानुन जारी गर्ने प्रतिबद्धता जनाएको थियो । नेपालले यस्तो प्रबन्ध वि.सं. २०७० सम्ममा गरिसक्नु पर्नेछ । त्यसैले तोकिएको समय अगावै यस कानुनमा रहने प्रजनकको अधिकारसम्बन्धी प्रावधानको कृषक अधिकारसँगको अन्तर सम्बन्ध र सीमाहरूबारे हामी स्पष्ट हुनु आवश्यक छ अन्यथा कृषक अधिकार कुण्ठित हुन सक्दछ । साथै बीउबिजनसम्बन्धी अन्य ऐन-कानुनसमेत समय-सापेक्ष सुधार गरेर कृषक अधिकारलाई समायोजन गर्नु आवश्यक छ । खासगरी हाइब्रीड बीउको प्रयोग बढ्दै गएको सन्दर्भमा कुनै हाइब्रीड बीउको विकास गर्दा प्रयोग गरिएको स्रोत बीउ संरक्षण गर्ने कृषक समुदायको अधिकारलाई कुनै न कुनै प्रक्रियाबाट स्थापित गर्नु आवश्यक देखिन्छ ।

# ४ स्थलगत अध्ययन

## ४.१ पृष्ठभूमि

तराईलाई नेपालको अन्न भण्डार भनिन्छ । नेपालको कूल खाद्यान्न उत्पादनको झण्डै दुई तिहाई यसै क्षेत्रले योगदान गर्दै आएको छ । यो क्षेत्रमा खेती गरिने मुख्य बालीमा धान, मकै, गहुँ मुख्य पर्दछन् । मकै नेपालको दोस्रो प्रमुख खाद्यान्न बाली हो । यसको उत्पादकत्व केही वर्षयता घट्दै गएको छ तर अझै प्रतिहेक्टर औसत २११९ केजी उत्पादन भइरहेकोले (अर्थ मन्त्रालय २०६७) कृषकहरू यसको खेतीबाट विमुख भइसकेका छैनन् ।

मकैको उच्च उत्पादकत्व र सरल खेती प्रणाली, खाद्य सुरक्षा तथा पशुपालनमा रहेको यसको उपयोगिताआदिले गर्दा नेपालमा यसको ज्यादै ठूलो महत्व रहेको छ । यो कुरालाई मध्यनजर गर्दै सरकारले मकैको उत्पादन र उत्पादकत्व बढाई कृषकको आम्दानी वृद्धि गर्ने, खाद्य सुरक्षा बढाउने र कुखुरा तथा पशुपालन व्यवसायलाई सघाउ पुर्‍याउने हेतुले आर्थिक वर्ष २०६४/६५ देखि बारा, रौतहट, सर्लाही, चितवन, सुनसरी, काभ्रे गरी ६ जिल्लाबाट मेज (मकै) मिसन कार्यक्रमको आरम्भ गर्‍यो (यो कार्यक्रम हाल ९ वटा जिल्लामा संचालन भइरहेको छ) । यो कार्यक्रमले आरम्भदेखि नै हाइब्रीड बीउ प्रयोग गर्ने अभियान चलायो । सरकारले यो कार्यक्रमअन्तरगत हाइब्रीड मकैको बीउ लगाउने किसानलाई बीउको सरकारी मूल्यमा ३३ प्रतिशत अनुदान दिने व्यवस्था गर्‍यो । उक्त कार्यक्रम सञ्चालन भएपछिको दुई वर्ष उल्लेख्य उपलब्धि हासिल भएको देखिन्छ । उत्पादकत्व अधिकतम १० दशमलव ८ मेट्रिक टन प्रतिहेक्टरसम्म पुगेको सरकारी तथ्यांक छ । पहिलो चरणमा कार्यक्रम संचालन भएका जिल्लाको मात्र गणना गर्दा ती जिल्लामा औसत ८ दशमलव ६ मेट्रिक टन प्रतिहेक्टर उत्पादन भएको देखिन्छ । तर पछिल्लो केही समयदेखि ती जिल्लामा मकैको घोघामा दाना नलाग्ने समस्या व्यापक भएपछि किसानहरू पीडित हुन पुगेका छन् ।

**उद्देश्यः** यस अध्ययनको उद्देश्य सम्बन्धित सरोकारवालासँगको छलफलका आधारमा मकैको घोघामा दाना नलाग्नुको कारण पहिल्याउनु हो । खासगरी बीउ उपयोगको

विद्यमान अभ्यासका विसंगति, बीउ व्यवसायसम्बन्धी नीतिगत र कानुनी छिद्रहरूको पहिचान र सरोकारवालाको कमजोरी पहिचान गरी आवश्यक पर्ने नीतिगत र कानुनी सुधारका लागि सुझाव पेश गर्नु हो ।

**विधिः** यो अध्ययनका लागि बारा र रौतहट दुई जिल्लाहरू छानिएका छन् । यी जिल्लाहरू नेपाल सरकारले पहिलो चरणमा लागु गरेको मकै मिसन कार्यक्रम संचालन भएका छ वटा मध्येका दुई जिल्ला हुन् । साथै पछिल्लो समय मकैमा दाना नलाग्ने समस्या देखा परेका जिल्लासमेत हुन् । अध्ययन विवरण तयार गर्दा स्थानीयस्तरमा क्षतिको अवलोकनका अतिरिक्त मुख्य सरोकारवालाहरूः मकैको खेती गर्ने किसान, बीउ व्यवसायी, जिल्लास्थित कृषि कार्यालयका प्राविधिक र राष्ट्रियस्तरका अन्य प्राविधिकहरू, विभिन्न सरकारी अधिकारीहरू तथा विषयगत विज्ञहरूसँगको छलफललाई आधार बनाइएको छ र यसका लागि सम्बन्धित व्यक्तिहरूबाट अन्तरवार्ता विधि प्रयोग गरी सूचना संकलन गरिएको छ । साथै स्थानीय कृषि कार्यालयले संकलन र प्रशोधन गरेका तथ्यांक एवं बीउ व्यवसायीका व्यावसायिक कारोबारसमेत अध्ययन गरिएको छ ।

## ४.२ मकैको बीउ उपयोगको अभ्यास

**बारा**

बारा जिल्लामा विगत १५ वर्षदेखि व्यावसायिकरूपमा यसको खेती हुँदै आएको छ । यसको खेतीमा जमीन हुने किसानमात्र नभएर जमीन नहुने किसानसमेत संलग्न छन् र ती भूमिहीन किसानहरू जग्गा भाडामा लिएर मकैको खेती गर्ने गर्दछन् । यहाँ १५ कठ्ठादेखि २० बिघासम्म यसको खेती गर्ने किसानहरू रहेका छन् । तर सिंचाईको सुविधा नभएका क्षेत्रमा भने यसको खेती भएको देखिँदैन ।

मकै उत्पादनको लागत तुलनात्मकरूपमा बढी छ तर उत्पादकत्व आकर्षक भएकाले किसानहरू यसको खेतीमा संलग्न छन् । बारा जिल्लामा आफ्नो खाद्य आवश्यकता परिपूर्तिका लागि भन्दा पनि अनाज बिक्री गरी आय आर्जन गर्ने व्यावसायिक उद्देश्यले किसानहरू यसको खेतीमा संलग्न भएका छन् । वि.सं. २०६६/६७ मा यसको खेती जिल्लाको करीब १३ हजार ५ सय हेक्टर क्षेत्रफलमा गरिएको थियो । जसमा मेजमिसन कार्यक्रम अन्तरगत १२ सय हेक्टर क्षेत्रका लागि सरकारी अनुदान प्राप्त भएको थियो ।

बारा जिल्लामा ४ सय ९३ कृषक समूहहरू रहेका छन् र ९ वटा त्यस्ता समूह बीज वृद्धिको कार्यमा क्रियाशील छन् । हरेक समूहमा २० देखि २५ जना सदस्य हुन्छन् । हाल यो जिल्लामा ५० हेक्टर क्षेत्रमा धान, ३० हेक्टरमा गहुँ र ५ हेक्टरमा मुसुरो दालको बीउको उत्पादन गरिन्छ । उल्लेखित समूहलाई बीज वृद्धि गर्न कृषि

कार्यालयबाट मूल बीउ प्राप्त हुन्छ। कृषि कार्यालयले कृषि अनुसन्धान फर्मबाट ल्याएर त्यस्ता बीउ कृषक समूहलाई दिन्छ र ती कृषक समूहले पुनःउत्पादन गरेका बीउलाई प्रयोगशालामा परीक्षण गर्नका लागि सहयोग गर्दछ । मूल बीउको बिक्रीवितरण बीउबिजन कम्पनी हेटौडा, केही निजी बीउ कम्पनी (जस्तै महावैष्णवी बीउ उद्योग) बाट समेत भएको देखिन्छ ।

**तालिका ४.१ बारा जिल्लामा मकैको खेती नष्ट भएको मात्रा - २०६६**

| बीउ कम्पनी | मकैको जात | नष्ट भएको मात्रा (सम्बन्धित जातको कुल खेतीको प्रतिशत) |
|---|---|---|
| पायोनियर | ३० भी ९२ | ९०-९५ |
| | ३० बी ०७ | ३० |
| | ३० बी ११ | २५ |
| | ३० बी ३० | २५ |
| ट्रपिकल | टिसिएस ९६९६ | ८५-९५ |
| नुजिभिदु | सन्ध्या एनएमएच ६६६ | ८५-९५ |
| सिडेक | सुपरप्रिन्स भिस्को | ८०-९० |
| मोन्सान्टो | पिनाकल | ७५ |
| | ९०८१ | ४० |
| | ९०० एम गोल्ड | ३० |

*स्रोतः स्थानीय कृषक तथा सरकारी कार्यालयका अधिकारीहरूसँगको छलफलमा आधारित ।*

यो जिल्लाको २१ गाउँ विकास समिति (गाविस) मा २०६६ को हिउँदमा मकैको घोगामा दाना नलाग्ने समस्या देखा परेको थियो । तीमध्ये प्रष्टोका, इनर्वासिरा, बन्जरीया, बुनियाद, भोडाहा, महेशपुर, भतौडा, निजगढ बढी प्रभावित गाविस हुन् ।

यो जिल्लामा मकै खेतीमा प्रयोग भएका बीउमध्ये झण्डै ९० प्रतिशत बीउ हाइब्रीड भएको सम्बन्धित सरोकारवालाको अनुमान रहेको छ। किसान, सरकारी अधिकारीहरू र बीउ उत्पादकहरूसँगको अन्तरक्रियाबाट प्राप्त भएको जानकारीअनुसार यो जिल्लामा लगाइएका ती बीउहरू भारत र अन्य देशका बहुराष्ट्रिय कम्पनीद्वारा उत्पादित बीउहरू हुन् । ती कम्पनीमध्ये पायोनियर, ट्रपिकल, नुजिभिदु, सिडटेक र मोन्सान्टो कम्पनीका बीउहरू बढी प्रयोग हुने गर्दछन् र त्यसमा पनि पायोनियर कम्पनीको ३० भी ९२ जातको खेतीमात्र कुल हाइब्रीड मकैको खेतीमध्ये करीब ८५ प्रतिशतमा भएको अनुमान गरिन्छ। यसरी प्रयोग हुने विदेशी बीउहरूमध्ये केही बीउ इजाजतप्राप्त व्यावसायिक संस्थाले आयात गरी बिक्रीवितरण गरेका हुन् भने केही बीउहरू किसान आफैंले सीमावर्ती भारतीय बजारमा खरिद् गरिल्याएका बीउ हुन् ।

मेजमिसन कार्यक्रमअन्तरगत मकै लगाउने किसानहरू भने जिल्ला कृषि कार्यालयले दिएको कुपन लिएर उसैले तोकिदिएको स्थानीय एग्रोभेटबाट खरिद् गर्दछन् ।

**रौतहट**

रौतहटमा करीब ४ हजार ५ सय हेक्टर क्षेत्रमा मकैको खेती हुने गरेको छ । आर्थिक वर्ष २०६६/६७ मा मेजमिसन कार्यक्रमअन्तरगत भने करीब १ हजार ३ सय हेक्टर क्षेत्रमा यसको खेती भएको जिल्ला कृषि कार्यालयको तथ्यांकबाट देखिन्छ । यस जिल्लामा पनि बारामा लगाइएका जातहरू नै बढीमात्रामा प्रयोग भएको पाइन्छ । त्यसबाहेक सिडटेक कम्पनीको ९४०, राजाबाबु र साहरा जातको पनि खेती भएको स्थलगत अध्ययनबाट देखिएको छ । पायोनियर कम्पनीको ३० भी ९२ र ३० बी ०७ रौतहटमा बढी प्रयोग भएका मकैका जात हुन् । किसानहरूले उल्लेखित बीउहरू धेरैजसो स्थानीय एग्रोभेटबाट खरिद् गरी प्राप्त गर्दछन् । जिल्लास्थित कृषि प्रसार केन्द्र सन्तपुरबाट प्राप्त जानकारीअनुसार यो जिल्लाका झण्डै ९९ प्रतिशत मकैका किसानहरूले हाइब्रीड बीउको प्रयोग गर्दछन् । हाइब्रीड बीउको प्रयोग गर्दा उत्पादन बढी हुने भएपछि किसानहरू यसतर्फ आकर्षित भएका हुन् । उत्पादन बढी हुने भएपछि आफ्नो जग्गा नहुने किसानले पनि जग्गा भाडामा लिएर खेती गर्ने गरेको स्थलगत अध्ययनबाट देखिन्छ ।

रौतहट जिल्लामा १३ सय वटा कृषक समूहहरू रहेका छन् । यो जिल्लामा मकै मिसन कार्यक्रमअन्तरगत कृषि कार्यालयले कुपन बाँड्नुको साटो कृषक समूहलाई सोझै अनुदान दिन्छ । कृषक समूहले आपसी छलफल गरेर कुन मौसममा कसले कति मात्रामा र कुन जातको मकैको खेती गर्ने भन्ने विषयमा निर्णय गर्दछन् र नजिकको डिलरबाट नियमानुसार बीउ खरिद् गर्दछन् । बीउ खरिद् गरिसकेपछि जिल्ला कृषि कार्यालयबाट अनुदान प्राप्त हुन्छ । सरकारले यो कार्यक्रमअन्तरगत बीउको खरिद्मा कृषकलाई प्रतिहेक्टर २० केजीका दरले प्रतिकेजी २ सय रूपैयामा ३३ प्रतिशत अनुदान दिने गर्दछ । तर बजारमा बीउको मूल्य प्रतिकेजी ४ सय ३० रूपैंयासम्म पर्ने भएकोले अनुदान रकम अपर्याप्त रहेको किसानहरूको भनाई छ ।

## ४.३ बीउबिजन व्यवसायसम्बन्धी कानुनको परिपालना

नेपाल सरकारले समग्र कृषि क्षेत्रको विकास गर्न तथा कृषि क्षेत्रसँग सम्बन्धित व्यवसायलाई व्यवस्थित गर्न विभिन्न समयमा विभिन्न नीतिहरू, ऐन तथा नियमावलीहरू जारी गर्ने गर्दछ । यसै क्रममा गुणस्तरीय बीउ सुव्यवस्थित रूपले उपलब्ध गराउने उद्देश्यले बीउबिजन ऐन २०४५ (पहिलो संसोधन) र बीउबिजन नियमावली २०५४ जारी गरेको छ । यी ऐन तथा नियमावलीले हाइब्रीड बीउ आयात गर्नुअघि सूचीकरण गर्नुपर्ने र कम्तिमा एक वर्ष विभिन्न स्थानमा परीक्षण गर्दा सकारात्मक परिणाम आयो भने मात्र बिक्री गर्न पाइने प्रबन्ध गरेका छन् । तर हाल स्थानीयस्तरमा सर्वसाधारणले

प्रयोग गरेका धेरैजसो त्यस्ता बीउहरू सूचीकरण नै नगरी आयात गरिएका बीउहरू हुन् । नेपाल भारतबीच रहेको खुला सीमानाका कारण किसानहरू आफैं पनि त्यस्ता बीउहरू भारतीय बजारबाट ल्याउँछन् र प्रयोग गर्दछन् । अर्कोतिर, बीउ उत्पादक कम्पनीका एजेन्टलाई कुनै कानुनी प्रक्रिया नै पूरा नगरी गाउँमै आएर बीउको बिक्री गर्ने गरेको पनि भेटिन्छ । उनीहरूको यस्तो क्रियाकलाप कुनै सरकारी निकायबाट नियन्त्रण र नियमन हुन सकेको छैन । जनशक्तिको अभाव र स्पष्टसँगले अख्तियारी परिभाषित हुन नसकेकोले बीउ व्यवसायको अनुगमन र नियन्त्रण गर्न कठिनाई भएको स्थानीय कृषि कार्यालयका अधिकारीहरूको भनाई छ ।

## ४.४ समस्याको कारण

सरकारले मेजमिसन कार्यक्रम संचालन गरेपछि यी दुवै जिल्लामा हाइब्रीड मकैको खेती बढ्दै गएको देखिन्छ । हाइब्रीड बीउ प्रयोग गर्दा लगानी त उच्च हुन्छ नै; उत्पादन पनि धेरै हुने भएकोले सबैस्तरका किसानहरूले यसको प्रयोग गर्ने गरेका छन् । तर, २०६६ सालको हिउँदे खेतीमा ती जिल्लाका अधिकांश ठाउँमा मकैको घोघामा दाना लागेन । उक्त वर्ष किसानले प्रयोग गरेका बीउहरू अघिल्ला वर्षका झैं भारतस्थित बहुराष्ट्रिय कम्पनीहरूकै उत्पादन हुन् र किसानहरूले अघिल्लो वर्ष झैं कम्पनीका स्थानीय डिलर, एग्रोभेट तथा कतिपयले भारतीय सीमावर्ती बजारबाट आफूले खरिद् गरी प्राप्त गरेका बीउहरू नै हुन् । तर संकट आएपछि अघिल्लो वर्षसम्म राम्रो उत्पादन दिने मानिएका ती बीउमा सन्देह पैदा भएको छ ।

### *४.४.१ किसानको धारणा*

किसानहरूका अनुसार बीउको खराबी नै बालीमा आएको संकटको मूल कारण हो । केही किसानहरूले भने प्रतिकूल मौसम पनि यसको कारण हुनसक्ने अनुमान गरेका छन् । प्रभावित किसानहरूले अघिल्ला वर्षहरू झैं वि.सं. २०६६ सालमा पनि हाइब्रीड बीउहरू बजारबाट खरिद् गरी प्रयोग गरेका थिए । अन्तरवार्ताको क्रममा प्राप्त भएको जानकारीअनुसार बीउ बिक्रेताहरूले बीउको जात, खेतीका लागि उपयुक्त मौसम र तापक्रम, आवश्यक पर्ने मलको मात्राआदि बारेमा स्पष्ट जानकारी दिएका थिएनन्; न त सरकारको कुनै निकायले नै दिएको थियो ।

बारा जिल्लास्थित प्रष्टोका गाविसका राजनारायण शाहले भारतीय बजारबाट पायोनियर कम्पनीको ३० भी ९२ जातको मकैको बीउ किनेर १२ कठ्ठामा खेती गरेका थिए । भतौडा गाविसका महेन्द्रप्रसाद पट्टेलले पनि कलैयास्थित एक एग्रोभेटबाट सोही जातको बीउ खरिद् गरी स्वावलम्बी विकास बैंकबाट १८ प्रतिशत ब्याजदरमा रू ३० हजार ऋण लिएर खेती गरेका थिए । महन्थप्रसाद पट्टेलले प्रतिकठ्ठा करीब १ हजार ८ सय खर्च गरेर १ बिघा ५ कठ्ठामा यसको खेती गरेका थिए । तर उत्पादन अपेक्षाकृत हुन सकेन । धेरै किसानहरूको ८० प्रतिशतसम्म क्षति भयो; लागत खर्च

**कोष्ठक ४.१** **मकैबालीको क्षतिबारे एक कृषकको अनुभव**

मेरो नाम रामाश्रयप्रसाद शाह हो । मेरो घर बारा जिल्लाको प्रष्टोका गाविसमा पर्छ । अहिले म ६० वर्षको भएँ । म लामो समयदेखि खेतीपातीका अतिरिक्त परम्परागत तवरको कृषि अनुसन्धानमा संलग्न रहँदै आएको छु ।

उन्नत जातको मकैको खेती मैले विगत तीन दशकदेखि गर्दै आएको छु । मेज मिसन कार्यक्रम संचालन भएपछि उक्त कार्यक्रम अन्तरगत प्राप्त हुने सहुलियतको बीउ प्रयोग गर्न थालेँ । तर यो वर्ष चाहिँ क्षति व्यहोर्नु पर्‍यो । एक कठ्ठामा ३ सयदेखि ४ सय केजी फल्नु पर्नेमा ६० केजी मात्र फल्यो ।

मकैको दाना के कारण नलागेको हो भनेर हामी भन्न सक्ने अवस्थामा छैनौं । एकै दिन, एउटै लट र एउटै बीउ लगाएकोमा कसैको राम्रो फल्यो भने कसैको बालीमा दाना नै लागेन । राम्रो दाना लागेको मकैमा पनि वजन राम्रो छैन । मेरो अहिलेसम्मको अनुभवका आधारमा म के चाहिँ भन्न सक्छु भने एउटामात्र कारणले यस्तो समस्या आएको होइन । माटोको उत्पादनशक्ति, बीउको गुणस्तर, मौसम, सिंचाई, मललगायतका सबै उत्पादनका साधनहरू यसमा जिम्मेवार हुन सक्छन् । हाइब्रीड बीउ कम्पनीहरूबीचको प्रतिस्पर्धाले पनि किसानलाई मारमा पारेको छ । बीउको शुद्धता परीक्षण गरेरमात्र बिक्री गर्ने अनुमति कम्पनीहरूलाई दिनुपर्दथ्यो । तर प्रमाणीकरण नगरिएका बीउहरू खुलेआम बिक्री भइरहेका छन् । बीउ कम्पनीका एजेण्टहरू कृषि कार्यालय वा अन्य सरकारी निकायमा नगई किसानलाई प्रभावमा पार्न सिधै गाउँमा आउँछन् । किसानलाई खाजा खुवाएर र वृतचित्रमार्फत् उत्पादन बढी हुने देखाएर लोभ्याउछन् ।

अबदेखि बीउको शुद्धता परीक्षण गर्ने र सिफारिस गरेको बीउबारे खेतीको समयभन्दा १–२ महिना अगावै रेडियोबाट जानकारी दिने गर्नुपर्छ । मलको जथाभावी प्रयोग रोक्नुपर्छ । कुन बालीलाई कुन मल कति मात्रामा मिलाएर प्रयोग गर्ने भन्ने विषयमा किसानलाई प्रष्टसँग जानकारी दिनुपर्छ । सबै गाविसको माटोको परीक्षण गर्ने व्यवस्था सरकारले गर्नुपर्छ । बीउको गुणस्तर कायम हुनुपर्छ । वातावरण सुहाउँदो बीउका जात विकास गर्नुपर्छ ।

किसान मारमा परेकाले किसानलाई क्षतिपूर्ति दिनुपर्छ । तर अल्पकालमा सरकारले क्षतिपूर्ति दिएपनि यो दीगो समाधान चाहिँ होइन । यस्तो समस्या भविष्यमा पनि आउनसक्ने भएको हुनाले बाली बिमाको विस्तार गर्दै लैजानु उत्तम हुन्छ ।

पनि प्राप्त हुन सकेन; खेती गर्नका लागि लिइएको ऋणको किस्तासमेत तिर्न नसक्ने स्थिति सृजना भयो ।

रौतहट जिल्लाका कृषक समूहसँगको छलफलबाट प्राप्त भएको जानकारीअनुसार प्रभावित क्षेत्रका किसानहरूले सहकारी र किसान समूहबाट ऋण लिएर तथा केहीले आफ्नै बचत रकमको प्रयोग गरेर खेती खर्च जुटाउने गरेका थिए । यो जिल्लामा यसको खेतीबाट धेरै किसानको आर्थिकस्तर सुधार भएको पनि देखिन्छ । तर उल्लेखित संकट आएपछि उनीहरूको आर्थिक अवस्थामा ज्यादै ठूलो नकारात्मक असर परेको किसानहरूको भनाई छ ।

रौतहटका किसानहरूको भनाईमा मकैको खेतीमा भएको क्षतिको मूल कारण बीउ नै हो । नेपाल कृषक हकहित संघर्ष समिति रौतहटका संयोजक कुमार बस्नेत स्वयंले ३ बिघामा यसको खेती गरेका थिए । उनले खेती गरेको ३० भी ९२ जातको मकैमा दाना लागेन । मेजमिसन कार्यक्रम रौतहटका अध्यक्षसमेत रहेका गोविन्दप्रसाद दुलालले सहकारीबाट १६ प्रतिशत ब्याजदरमा रू ६५ हजार ऋण लिएर पाँच बिघामा र सन्तपुर गाविसकी गीता खड्काले कृषक समूहबाट १८ प्रतिशत ब्याजदरमा रू ३० हजार ऋण लिएर ३ बिघामा यसको खेती गरेका थिए । तर त्यसमा दानारहितको घोघामात्र पलायो । उच्च आयको अपेक्षा गरेर अरू बाली नलगाई मकैको मात्र खेती गरेका किसानका लागि उक्त वर्षको खेतीले ठूलो क्षति पुऱ्यायो । अघिल्ला वर्षहरूमा प्रति बिघा झण्डै ९० हजार आम्दानी हुने गरेकोमा उक्त वर्ष ८ हजार रूपैंयाभन्दा बढी हुन सकेन; धेरै किसानहरूको खेती गर्न लिइएको ऋण तिर्न आफ्नो जेथा नै बेच्नुपर्ने स्थिति सृजना भएको छ ।

**कोष्ठक ४.२ अन्तर्वार्ता : छोटेलाल प्रसाद, संचालक, कृषि बीज भण्डार, वीरगञ्ज**

***एक वर्षमा कति रकम बराबरको हाइब्रीड मकैको बीउ बिक्री गर्नुहुन्छ ?***
यस भण्डारबाट एक वर्षमा सबैखाले गरी करीब रू २० लाख बराबरको १ सय मेट्रिक टन बीउ बिक्री हुन्छ । यसबाट १ लाख ५० हजार हेक्टरमा खेती गर्न पुग्छ ।

***कहिलेदेखि बीउको व्यवसायमा हुनुहुन्छ र कति खाले मकैका हाइब्रीड बीउ बेच्नुहुन्छ ?***
म यो व्यवसायमा २०४४ देखि संलग्न रहँदै आएको छु । मैले छ-सात जातका हाइब्रीड बीउ बिक्री गरेको छु । त्यसमध्ये पायोनियर कम्पनीको बीउ बढी बिक्री हुने गर्दछ । नेपालमा झण्डै २ दर्जन बहुराष्ट्रिय कम्पनीका हाइब्रीड बीउ बिक्री हुन्छन् ।

***ती बीउ कुन देश र कम्पनीबाट आयात गर्नुहुन्छ ?***

सबै भारतस्थित बहुराष्ट्रिय कम्पनीबाट उत्पादित बीउहरू हुन् । हामी ती बीउहरू मूल्यको ५ प्रतिशत भन्सार शुल्क तिरेर आयात गर्ने गर्छौं । हामीले आयात गर्ने बीउमा धेरैजसो पायोनियर, मोन्सान्टो, वायोसिड जेनेटिकलगायतका कम्पनीद्वारा उत्पादित बीउहरू पर्दछन् ।

***नेपालको कति जिल्ला र एग्रोभेटलाई आपूर्ति गर्नुहुन्छ ?***

हामी बारा, पर्सा, रौतहट, मकवानपुर, सर्लाहीको र केही पहाडी जिल्लाको लागि आपूर्ति गर्छौं । उल्लेखित प्रत्येक जिल्लामा १ सयदेखि १ सय ५० सम्म एग्रोभेटहरू रहेका छन् । तर सबैले यहींबाट खरिद् गर्दैनन् । कसैकसैले आफैं भारतबाट ल्याएर बिक्री गर्दछन् ।

***कमसल बीउका कारण मकैमा दाना नलागेको भन्ने किसानको आरोपप्रति तपाईंको भनाई के छ ?***

यो गलत धारणा हो । कमसल भएको भए अंकुरण नै हुँदैन्थ्यो । बरू प्रतिकूल चिसो मौसमको कारण दाना नलागेको हो भन्नुपर्दछ । फेरि पूरै नफलेको पनि होइन । यो कुरा वैज्ञानिकहरूले पनि भनेका छन् । तर मेरो भनाई के छ भने किसानहरूलाई मर्का परेको छ; उनीहरूले क्षतिपूर्तिको लागि उठाएको मागसँग म पनि सहमत छु ।

***तपाईंको बीउ आपूर्ति गर्ने बहुराष्ट्रिय कम्पनीसँग क्षतिपूर्तिका सम्बन्धमा कुरा भएको छ ? उनीहरूको भनाई के छ ?***

उनीहरू क्षतिको जिम्मेवारी लिन चाहँदैनन्; बरू बीउ असल भएको र मौसम चाहिँ अनुकूल नभएको दाबी गर्छन् । कमसल भएको भए अंकुरण हुँदैन्थ्यो र त्यसबेला चाहिँ कम्पनीले क्षतिपुर्ति दिने कुरा आउँथ्यो भन्ने उनीहरूको भनाई छ । त्यही बीउ अन्य ठाउँमा फरक समयमा लगाउँदा उत्पादन भएको उनीहरूको दाबी छ ।

***तपाईंले हाइब्रीड बीउ बेच्न सरकारबाट स्वीकृति लिनु भएको छ ? छ भने कहिले र कुन निकायबाट लिनु भएको छ ?***

हाइब्रीड बीउको व्यवसाय गर्नको लागि स्वीकृति लिन देशभरिका बीउ बिक्रेताहरूले दुई वर्षअघि नै सबै प्रक्रिया पूरा गरेर निवेदन दिइसकेका छन् । तर सरकारले यसबारे अझै निर्णय दिएको छैन् । यो सरकारको कमजोरी हो । बीउबिजन नियमावलीमा यससम्बन्धी कानुनी व्यवस्था रहेको छ । तर कार्यान्वयन हुन सकेको छैन । आयातीत सबै बीउको सूचीकृत गरेर मात्र बेच्न पाउने व्यवस्था छ । तर ऐन–कानुनमा भएको सबै कुरा कार्यान्वयन भएको पाइँदैन ।

सामान्यतया कृषकहरू आधुनिक वा सुधारिएका भनिएका बीउहरू स्थानीय एग्रोभेटबाट नै खरिद् गर्ने गर्दछन् । खेती गर्ने तरिका र अन्य प्राविधिक जानकारी आवश्यक पर्दा स्थानीय कृषि केन्द्रमा रहेका प्राविधिकबाट लिने गर्दछन् । तर पछिल्लोपटक भएको क्षतिको विषयमा हाइब्रीड बीउ बेच्न सरकारले अनुमति दिएको हुनाले त्यसको जिम्मेवार पनि सरकार नै हुनुपर्ने कृषकहरूको भनाई छ । उनीहरूका अनुसार कृषि कार्यालय र त्यहाँको प्राविधिकले नै पायोनियर र डिकाल्भ कम्पनीको मकै राम्रो उब्जनी हुन्छ भनेर तिनको प्रयोग गर्न सुझाव दिएका थिए ।

### *४.४.२ निजी क्षेत्रको धारणा*

निजी क्षेत्र खासगरी बीउ व्यवसायीहरूको भनाईमा मौसमी प्रतिकूलताले गर्दा मकैमा दाना नलागेको हो; गुणस्तरहीन बीउको कारणले होइन । यस्तो समस्या भारतको बिहार पनि देखा परेको थियो । नेपाल बीउ व्यवसायी संघका महासचिव दुर्गाप्रसाद अधिकारीको भनाईमा मकै बाली सामान्यतया २० देखि ३५ डिग्री सेल्सियस तापक्रममा राम्रो उत्पादन हुन्छ । तर संकट आएको वर्ष मकैको खेतीको समयमा प्रभावित क्षेत्रमा करीब २५ दिन ८ डिग्री सेल्सियसभन्दा कम तापक्रम रहेको कारणले बालीको उत्पादन आशा गरे जस्तो हुन नसकेको हो । यन्यथा किसानहरूले ती हाइब्रीड जातका बीउ विगत ८-९ वर्षदेखि प्रयोग गर्दै आएका र राम्रो उत्पादन पाएकामा उक्त वर्ष उब्जनी नहुने अरू कुनै कारण छैन ।

बीउबिजन व्यवसायी संघका अनुसार व्यापारीहरूले मकैको हाइब्रीड बीउको आयात गर्दा भन्सार शुल्क तिरेर औपचारिक नाकाहरूबाट नै भित्र्याउने गर्दछन् । त्यसैले अवैध बीउको आयात हुनुमा इजाजत दिने निकाय र भन्सारबीच तालमेल हुन नसक्नु बढी जिम्मेवार देखिन्छ । नेपालमा आयातीत बीउबिजन सूचीकरण नगरी बेचबिखन गर्न नपाइने कानुनी व्यवस्था छ तर अनुगमन र नियमनका लागि सरकारको प्रभावकारी संयन्त्र नबनेकोले कानुनको प्रभावकारी परिपालना हुन सकेको छैन । संघले १ सय ८४ बालीको सूचीकरणका लागि राष्ट्रिय बीउबिजन समितिमा आवदेन गरेको भएपनि त्यसको निर्णय अझै प्राप्त भएको छैन ।

### *४.४.३ सरकारको धारणा*

सरकारले मकैको संकटको कारणबारे स्पष्ट धारणा सार्वजनिक गरेको छैन । अनुसन्धानमा संलग्न विशेषज्ञहरूको प्रारम्भिक अनुमान अनुसार तराईतिर चलेको शीतलहर यसको प्रमुख कारण हो । हाइब्रीड मकै तापक्रममा अत्यन्त सम्बेदनशील हुन्छ र उक्त वर्ष तराई क्षेत्रमा तुलनात्मकरूपमा लामो समयसम्म निकै कम तापक्रम रहेकोले यसको उत्पादन अपेक्षाकृत हुन नसकेको जिल्लास्थित बालीविज्ञ र प्राविधिकहरूको भनाई छ । साथै मकैको बीउको भाले भाग नपुंसक भएको कारण परागकणको कमी र पोथी भागमा अत्याधिक परागकण भएको हुँदा यस्तो समस्या आएको पनि सरकारी विज्ञहरूको अनुमान छ । यससम्बन्धी विस्तृत अनुसन्धानका

लागि नेपाल कृषि अनुसन्धान परिषद् र मेक्सिकोको अन्तर्राष्ट्रिय मकै तथा गहुँ अनुसन्धान केन्द्रलाई संलग्न गराइने भनिएकोमा हालसम्म त्यसो हुन सकेको छैन ।

नेपाल सरकारअन्तरगतका बाली, बीउ र कृषिसम्बन्धी विज्ञहरूसँग छलफल गर्दा यसबारे एउटै निष्कर्ष आउँदैन । कसैले मौसमको प्रतिकूलताको कारण क्षति भएको तर्क गर्छन् भने कसैले बीउमा खराबी रहेको तर्क गर्दछन् । कृषि तथा सहकारी मन्त्रालयका उपसचिव डा. कृष्णप्रसाद पन्तको विचारमा मौसमको गडबडीले यस्तो संकट आएको हो । तर हाइब्रीड बीउ आफैंमा जोखिमपूर्ण हुने हुँदा किसानलाई बाली लगाउनुअघि आवश्यक चेतना र शिक्षा भने दिनु आवश्यक पर्दथ्यो । हाइब्रीड बीउ प्रयोग गर्नुअघि दुई मौसममा परीक्षण गरेर जुन क्षेत्रमा परीक्षण गरिएको हो, त्यही क्षेत्रमा मात्र बिक्री गर्न पाइने कानुनी प्रावधान छ; तर उक्त प्रावधानको कार्यान्वयन भएको देखिन्न ।

कृषि प्रसार केन्द्र सन्तपुर, रौतहटका प्रमुख अमरकान्त झा मकैमा यस्तो समस्या आउनुमा बीउको खराबी, मौसमको गडबडी र किसानको लापरवाहीलगायत तीनै पक्ष जिम्मेवार देख्छन् । मुलुक प्रवेश गर्ने मूल नाकाका चेक प्वाइन्टमा निगरानी नहुँदा जथाभावी गुणस्तरहीन बीउ भित्रिरहेको र सूचीकरण नगरी आयात भइरहेको उनको धारणा छ । नेपाल कृषि अनुसन्धान परिषद्का बाली तथा बागवानी विभागका निर्देशक डा. निरञ्जनप्रसाद अधिकारीको विचार भने अलिक फरक छ । डा. अधिकारीका अनुसार मकैको दाना नलाग्नुमा न्यून तापक्रमको केही योगदान भएपनि मुख्यतः कमसल बीउ नै मुख्यरूपमा जिम्मेवार छ । कृषकले प्रयोग गरेका बीउहरू देशमा सिफारिस गरिएको गुणस्तरका नभएकाले र बढी नाफा गर्न पुरानो बीउ मिसाएर बिक्री गर्ने गरिएकोले मकैको बाली बिग्रिएको हो । मौसमका कारणले बिग्रने भए सोही स्थानमा परिषद्ले विकास गरेका अन्य जातका मकै पनि उत्पादन नहुनुपर्ने हो; भारतको बिहारबाहेकका अन्य ठाउँमा पनि बिग्रनुपर्ने हो ।

## ४.५ जिम्मेवार निकाय

स्थलगत अध्ययन, सरोकारवाला पक्षहरूसँग गरिएको अन्तरक्रिया र अन्तरवार्ताका आधारमा हेर्दा हाइब्रीड मकैमा दाना नलाग्नुमा एउटा पक्षमात्र जिम्मेवार नभएर सबै पक्षको केही न केही कमजोरी रहेको देखिन्छ । मुख्यरूपमा गुणस्तरहीन बीउको प्रयोग; मौसमको प्रतिकूलता; किसानलाई मल, विषादीको प्रयोगसम्बन्धी उचित ज्ञानको अभाव; सरकारी निकायबाट बीउको छनौट र प्रयोगसम्बन्धी किसानलाई दिनुपर्ने परामर्शको अभाव र परीक्षण नगराई किसानलाई प्रलोभनमा पारेर बीउबिजन बिक्री गरिने कार्यआदि यो क्षतिमा एक मुष्टरूपमा जिम्मेवार देखिन्छन् । यहाँ उक्त क्षतिको सन्दर्भमा विभिन्न सरोकारवालाबाट भएका कमी-कमजोरीलाई प्रस्तुत गरिएको छ ।

### *४.५.१ कृषक समुदायको कमजोरी*

हाइब्रीड बीउको प्रयोग गर्नुभन्दा पहिले धेरैजसो किसानहरूले उक्त बीउ प्रमाणित भएको बीउ हो कि होइन भनेर ध्यान दिएको देखिन्न । उनीहरू आफ्ना घरमा आउने विभिन्न कम्पनीका एजेण्टलाई विश्वास गर्दछन् र बढी उत्पादन हुने प्रलोभनमा हाइब्रीड बीउको जथाभावी प्रयोग गर्दछन् । अर्को महत्वपूर्ण कुरा, नेपालीहरूको इर्ष्यालु स्वभावले गर्दा एउटाले प्रयोग गरेको जातले बढी उब्जनी दियो भने अरूलाई पनि त्यही जातको बीउ प्रयोग गर्नुपर्दछ । यो प्रवृत्तिले कहिलेकाँही पूरै समुदायले नै एउटै बीउ प्रयोग गरिरहेको हुन्छ र कुनै वर्षको बाली खराब हुन गएमा सबैको एकैपटक क्षति हुन पुग्दछ ।

किसानले कुनै अपरिचित बीउ प्रयोग गर्नुअघि उक्त बीउको गुणस्तर, प्रयोग गर्ने विधि आदिको बारेमा नेपाल कृषि अनुसन्धान परिषद्का वैज्ञानिक वा कृषि प्राविधिकसँग सल्लाह-सुझाव लिनुपर्दछ र बीउको परीक्षण गरेरमात्र प्रयोग गर्नुपर्दछ । आधुनिक विधिद्वारा विकास गरिएका जातको खेतीमा मलखाद्को प्रयोग गर्दा सतर्क रहनुपर्दछ । तर प्रभावित क्षेत्रमा कृषक समुदायले त्यसो गरेको देखिएन । किसानहरूमाझ धेरै मल प्रयोग गर्दा धेरै उत्पादन हुन्छ; विषादी जति कडा भयो, उति धेरै र चाँडो कीरा मर्छ भन्ने भ्रम अद्यापी रहेको छ । कतिपय अवस्थामा रासायनिक मल तथा विषादी नै नक्कली पर्दछन् तर किसानले थाहा पाउँदैनन् ।

### *४.५.२ निजी क्षेत्रको कमजोरी*

हाइब्रीड बीउको व्यवसाय गर्ने व्यवसायी र बीउ कम्पनीहरूले कारोबार गर्न खोजेको बीउलाई सबैभन्दा पहिले बीउबिजन गुण नियन्त्रण समितिमा सूचीकरण र प्रमाणीकरण गर्नुपर्दछ अनि मात्र बिक्री गर्न पाइन्छ । यसका अतिरिक्त उक्त बीउको प्रयोग गर्ने विधि, उपयुक्त तापक्रम, उत्पादकत्व, सम्भावित जोखिमबारे कृषकलाई पूर्व जानकारी दिएर व्यावसायिक इमान्दारिता निर्वाह गर्नुपर्दछ । उनीहरूले बीउको व्यापारसँगै किसानका लागि तालिम र सचेतनाका कार्य गर्दा दीर्घकालीन साझेदारी विकास हुन पुग्दछ । तर व्यवसायीहरूले त्यसो गरेको पाइएन । बीउ कम्पनीका एजेण्टहरू स्थानीय कृषि कार्यालयमा सम्पर्क नगरी सिधै किसानका घर-घरमा जान्छन् र खाजा-भत्ता दिएर एवं वृत्तचित्र देखाएर उनीहरूलाई लोभ्याउछन् । व्यवसायीहरू स्वयं पनि यो तथ्यलाई स्वीकार्छन् ।

### *४.५.३ सरकारी निकायको कमजोरी*

सरकार आफैंले बनाएको बीउबिजनसम्बन्धी ऐन, नियम र नीतिहरू पूर्णरूपमा लागु गर्न सकेको छैन । उदाहरणका लागि नयाँ जातका बीउको प्रयोग गर्ने विधि तथा त्यससँग सम्बन्धित अन्य विभिन्न पक्षबारे कृषकलाई सुसूचित गराउन सकेको छैन । ठाँउअनुसार उपयुक्त खालको र धेरै फल्ने जातको बीउको विकल्प दिन सकेको छैन; देशलाई मकैको बीउमा आत्मनिर्भर बनाउन सकेको छैन । नेपाल कृषि

अनुसन्धान परिषद्ले निकालेको गौरव नामको हाइब्रीड बीउ असफल भएपछि देशभित्र कुनै पनि हाइब्रीड बीउ विकास हुन सकेको छैन । हाइब्रीड बीउलाई खुला छोड्ने कि नियन्त्रण गर्ने भन्ने विषयमा नीति अझै स्पष्ट छैन ।

विद्यमान ऐन-नियम तथा नीतिहरूमा कृषकको हित गर्न र बीउको शुद्धता, प्रभावकारिता तथा यसको व्यावसायिक अभ्यासलाई अनुगमन र नियन्त्रण गर्न विभिन्न प्रबन्धहरू गरिएका छन् । तर तिनको कार्यान्वयन पक्ष कमजोर देखिन्छः सूचीकरण नभएका बीउ बजारमा प्रशस्त भेटिन्छन्; भन्सार नाकाबाट सूचीकरण र प्रमाणीकरण नभएका बीउको आयात भइरहेको छ । बीउबिजन परीक्षण गर्ने प्रयोगशाला एउटा विकास क्षेत्रमा एउटामात्र छ । तर अख्तियारी र जनशक्तिको अभावले गर्दा ती प्रयोगशालाबाट गरिने अनुगमन र नियन्त्रणको कार्य प्रभावकारी ढंगले सम्पादन हुन सकेको छैन । कतिपय किसानले अपरिचित बीउ आफैं भारतीय बजारबाट ल्याई प्रयोग गर्दछन् । यो अभ्यासको नियन्त्रण हुन सकेको छैन । रासायनिक मल र विषादीको जथाभावी प्रयोगले माटोको अवस्था जर्जर हुँदै गएको र उत्पादकत्व घट्दै गएको छ ।

हाइब्रीड बीउको प्रयोग आफैंमा जोखिमपूर्ण र सम्बेदनशील हुन्छ । यसले स्थानीय जातलाई प्रतिस्थापन गर्न सक्छ । त्यसैले हाइब्रीड बीउमा निर्भर हुँदै जाने स्थिति आउन दिनुभन्दा आफ्नै स्थानीय जातलाई सुधार गर्नु उत्तम हो । बालीको क्षतिबाट किसानलाई जोगाउन सरकारले जोखिमपूर्ण बालीको बिमा कार्यक्रम पर्याप्तमात्रामा विस्तार गर्न सकेको छैन । कृषि क्षेत्रमा खासगरी अनुसन्धान र विकासमा बजेट न्यून छ; जनशक्तिको विदेश पलायन रोक्न सकेको छैन ।

## ४.६ संकटबाट सिक्नुपर्ने पाठ

नेपालमा आधुनिक कृषि प्रणालीको आरम्भ भएको धेरै भएको छैन । यही बेलामा आधुनिक कृषि प्रणालीको कारणले कृषकको जीवनयापनमा कठिनाई पर्न गएमा कृषि क्षेत्रको आधुनिकीकरणका लागि सरकारले गर्ने सबै कार्यमा कृषक सहभागिता हुँदैन र नीतिहरू असफलतातिर उन्मुख हुन्छन् । फेरि हाइब्रीड बीउको अत्याधिक प्रयोगले स्थानीय जातको अस्तित्वमा खतरा उत्पन्न भई जैविक विविधतामा नै असर पर्न सक्छ । त्यसैले कृषि पेशालाई प्रवर्द्धन गर्न कृषकलाई राहत र क्षतिपूर्ति दिने अल्पकालीन र कृषिको आधुनिकीकरण र जैविक विविधताको संरक्षण सुनिश्चित गर्ने दीर्घकालीन प्रकृतिका विभिन्न उपायहरू अवलम्बन गर्नुपर्ने हुन्छ ।

### *४.६.१ अल्पकालीन उपाय*

नेपालमा कृषक समुदायको अवस्था अत्यन्त दयनीय छ । त्यसैले पूर्णरूपले बाली नष्ट भएर जीवनयापनमा नै संकट आएको अवस्थामा सरकारले कृषक समुदायलाई क्षतिपूर्ति वा राहत दिनु आवश्यक छ । तर यस्तो संकट भावी दिनमा अन्य बालीमा

पनि आउनसक्ने भएकाले बाली बिमाको व्यवस्थालाई अविलम्ब विस्तार गर्नुपर्ने हुन्छ । सरकारले बिमा कम्पनीहरूलाई विभिन्न सहुलियत दिएर कृषि उपजको बिमातर्फ आकर्षित गराउन सक्दछ ।

सरकारले पीडित किसानलाई बीउ व्यवसायी वा कम्पनीहरूका तर्फबाट समेत राहत वा क्षतिपूर्ति दिलाउनका लागि प्रयास गर्नुपर्दछ । कानुनमा नभएको कारोबारलाई र तोकिएको विधिभन्दा फरक ढंगले कार्य गर्नेलाई कुनै न कुनै प्रकारले दण्डित गर्नु आवश्यक छ । फेरि यस्तो कार्यले व्यवसायीलाई विश्वसनीय बनाउने र उसको सामाजिक उत्तरदायित्वमा समेत सघाउ पुग्ने देखिन्छ । समस्याको विषयमा थप अनुसन्धान गरी सत्य-तथ्य पहिल्याउन अन्तर्राष्ट्रिय अनुसन्धान संस्थाको सहयोगका लागि पहल गर्नुपर्दछ ।

### *४.६.२ दीर्घकालीन उपाय*

- सरकारले बीउबिजन नियमावली २०५४, बीउबिजन नीति २०५६ र बीउबिजन उत्पादन कार्यविधि निर्देशिका २०५६ लाई कडाइका साथ लागु गर्नुपर्छ । समयसापेक्ष नरहेका ऐन-कानुनका प्रावधानलाई सुधार गर्दै लैजानुपर्दछ । साथै, जैविक प्रविधि, हाइब्रीड बीउ र जिएमओसम्बन्धी सरकारको नीतिलाई स्पष्ट गर्नु आवश्यक छ ।
- निजी क्षेत्रले हाइब्रीड बीउ आयात गर्नुअघि सूचीकरण गरी कम्तिमा एक वर्ष विभिन्न स्थानमा परीक्षण गरेर मात्र बिक्रीवितरण गर्नुपर्दछ । किसानलाई बीउ बिक्री गर्दा कुनै प्रलोभन नदेखाई त्यसको प्रयोग विधि, बाली लगाउने उपयुक्त मौसमलगायत सबै सकारात्मक र नकारात्मक पक्षबारे जानकारी दिनुपर्ने व्यवस्था गर्नुपर्दछ ।
- मुलुक मकैको बीउमा आत्मनिर्भर हुन नसकेकोले यसको माग बढ्दै जाँदा आयात पनि बढ्दै गएको छ । तर अझै धेरैजसो ठाउँमा परम्परागत बीउकै प्रयोग हुने भएकोले औसत उत्पादकत्व कम देखिन्छ । तसर्थ, उन्नत खालका बीउको उपयोगलाई प्रोत्साहित गर्न त्यस्ता बीउमा अनुदान दिनु उपयुक्त हुन्छ ।
- नयाँ जातका बीउको विकासका लागि अनुसन्धानको कार्यलाई तीव्रता दिनुपर्छ । यसका लागि सरकारले लगानी बढाउनुपर्ने हुन्छ । अहिले सरकारले कृषि अनुसन्धानको शीर्षकमा गरेको लगानी ज्यादै कम रहेको छ ।
- रासायनिक मल, उन्नत बीउ, औषधिलगायतको उचित प्रयोगबारे सरकार, निजी क्षेत्र र गैरसरकारी संस्थाहरू मिलेर कृषकका लागि तालिम, जनचेतना र प्रचारप्रसारका कार्यक्रम संचालन गर्नुपर्दछ । बाली लगाउने समयमा रेडियो र अन्य संचारमाध्यमसमेत यो कार्यमा सहयोगी हुन सक्छन् । नयाँ बीउ पाइने स्थान, मूल्यआदिबारे कृषकलाई ठीक र पर्याप्तमात्रामा जानकारी सजिलै प्राप्त हुने खालको पद्दतिको विकास गर्नुपर्दछ ।
- खाद्यान्न र कृषि क्षेत्रको उत्पादकत्व वृद्धि गर्न जैविक प्रविधिको अनुसन्धान बढाउनुपर्छ।

तर यसबाट जैविक विविधतामा पर्नसक्ने असरबारे सतर्क रहनुपर्दछ ।

- हाइब्रीड बीउमा किसानलाई पूर्णरूपले निर्भर नबनाएर जैविक खेतीलाई पनि यथोचित प्रोत्साहन गर्नुपर्दछ । अन्यथा भविष्यमा बीउ, खाद्यान्न र जैविक विविधतामा अझ ठूलो संकट आउन सक्छ ।
- कृषि अनुसन्धानको प्रथम उद्देश्य बालीका नयाँ जातको विकास गर्नुभन्दा पनि उच्च गुणस्तरको प्रजनन बीउ तथा मूल बीउ उत्पादन गर्ने हुनुपर्दछ । नेपाल कृषि अनुसन्धान परिषद्ले पर्याप्त परिमाणमा प्रजनन बीउ तथा मूल बीउ उत्पादन गरेर बीउबिजनहरूलाई उपलब्ध गराउन सक्नुपर्दछ अनि मात्र बीउ उत्पादक कम्पनीहरूले त्यस्ता उन्नत जातका बीउ पर्याप्त मात्रामा आपूर्ति गर्न सक्दछन् । एउटै जातको बीउ लामो समयसम्म प्रयोग गर्दा उक्त बीउको उत्पादनशीलतामा ह्रास आउँछ । त्यसैले किसानहरूलाई बीउ परिवर्तन गरिरहन प्रोत्साहित गर्नुपर्दछ ।
- सरकारले दुर्गम २५ पहाडी जिल्लामा रासायनिक मल र बीउबिजन ढुवानीमा अनुदान दिने गरेको छ । तर उपयुक्त जातको बीउको ढुवानी उपयुक्त समयमा ती ठाँउहरूमा हुन सकेको छैन । त्यसैले दुर्गम र खाद्यान्न अभाव भएका जिल्लामा पठाइने बीउको मूल्यमा नै अनुदान दिनु आवश्यक छ ।
- दुर्गम पहाडी जिल्लामा खाद्य सुरक्षा बढाउँदै लैजान कृषिको पूर्वाधार विकास, बीउबिजन सूचना प्रणालीको सुधार, स्थानीयस्तरको बीउबिजन वृद्धि कार्यक्रम तथा बीउ प्रशोधन कारखाना र कृषि प्रसारको सघनता अभिवृद्धि गर्दै लैजानुपर्दछ ।
- आफ्नो माटो सुहाउँदो बालीको विकास गर्नुपर्दछ । परम्परागत बीउलाई जोगाउने र उन्नत जातको बीउको पनि विकास गर्ने नीति अपनाउनु पर्दछ ।
- नेपालमा हाइब्रीड बीउको विकास गर्न सकेमा व्यापार सन्तुलन र बीउमा आत्मनिर्भरता बढाउन तथा कृषि उत्पादनमा आउनसक्ने जोखिम कम गर्न मद्दत मिल्ने देखिन्छ ।
- किसानलाई गुणस्तरीय बीउबिजन उपलब्ध गराउन बहुराष्ट्रिय कम्पनी, सरकार र स्वदेशी निजी क्षेत्रबीच सहकार्य हुनु आवश्यक छ ।

# ५ निष्कर्ष र सुझाव

## ५.१ नीतिगत पहल

- नेपालको हावापानी सुहाउँदो उन्नत खालको बीउको प्रयोग बढाउन त्यस्ता बीउमा अनुदान दिएर किसानलाई प्रोत्साहन गर्नुपर्छ ।
- हाइब्रीड बीउको प्रयोगभन्दा जैविक खेतीलाई प्रोत्साहन गर्नु उपयुक्त हुन्छ । जैविक प्रविधिको प्रयोग गरी आफ्नै जातको विकास गर्दा भविष्यमा आउनसक्ने बीउबिजनको संकटलाई कम गर्न सकिन्छ ।
- हाइब्रीड बीउ आयात गर्नुभन्दा स्वदेशमा नै यसको उत्पादन गर्न सके जोखिम कम हुन सक्छ ।
- जैविक प्रविधि, हाइब्रीड बीउ र जिएमओसम्बन्धी सरकारको नीतिलाई स्पष्ट गर्दै लैजानुपर्छ ।
- नेपाली कृषि क्षेत्रको उत्थान र प्रवर्द्धनका लागि मल, बीउ, सिंचाईलगायतका उत्पादनका साधनमा अझै केही समय अनुदानको आवश्यकता देखिन्छ ।
- कृषिको पूर्वाधार विकास, बीउबिजन सूचना प्रणाली, स्थानीयस्तरमा बीउबिजन वृद्धि कार्यक्रम, बीउ प्रशोधन कारखाना र कृषि प्रसारको सघनता अभिवृद्धि गर्ने कार्यक्रमलाई प्राथमिकता दिनुपर्दछ ।
- सरकार, दाता र गैरसरकारी संस्थाहरूले खाद्य सुरक्षाको लागि गर्दै आएको खाद्यान्न वितरणको कार्यक्रमसँगै उत्पादनमुखी कार्यक्रम पनि सँगसँगै अगाडि बढाउनु जरूरी देखिन्छ ।

## ५.२ कार्यक्रम तथा कार्य योजना

- समस्याको मूल कारण पहिचान गर्न अन्तर्राष्ट्रिय मान्यता प्राप्त अनुसन्धान संस्थाको सहयोगमा यसको अनुसन्धान गर्नुपर्दछ । भावी दिनमा उचित पूर्व सतर्कताका लागि यसको यथार्थ कारण पहिचान गर्नु आवश्यक छ ।
- बीउबिजन व्यवसायको नियमन र नियन्त्रणसम्बन्धी विद्यमान ऐन–कानुनको प्रभावकारी कार्यान्वयन गर्नका लागि स्थानीयस्तरमा अनुगमन र नियमनको

कार्यलाई नियमितरूपमा अगाडि बढाउनु पर्दछ ।

- बीउको अभाव हुन नदिन सरकारले सरोकारवालासँगको समन्वयमा राष्ट्रियस्तरमा बीउको जगेडा (बफर स्टक) को व्यवस्था गर्नुपर्छ ।
- बीउबिजन गुणस्तर नियन्त्रण केन्द्रमा नौलोपना, एकरूपता र स्थायित्व परीक्षण केन्द्र (Distictness, Uniformity, Stability Test center) स्थापना गर्नुपर्छ ।
- जिएमओको परीक्षण गर्न स्थापना गरिएको जैविक प्रविधि प्रयोग प्रयोगशालालाई प्रभावकारी रूपमा संचालन गर्नुपर्दछ । यसका लागि जनशक्ति र तालिमको व्यवस्था गर्नु आवश्यक छ ।
- विदेशबाट भित्रने बीउको प्राविधिक परीक्षण गर्न प्रत्येक भन्सार विन्दुमा एक जना बालीविज्ञ वा बीउ प्राविधिकको व्यवस्था गर्नु जरूरी छ ।
- बीउबिजन अनुसन्धान, उत्पादन, गुणस्तर नियन्त्रण र वितरणमा संलग्न सरकारी, निजी तथा गैरसरकारी निकायबीच सबै तहमा प्रभावकारी समन्वय स्थापित हुनु आवश्यक छ ।
- कृषि तथा कृषक अधिकारसँग जोडिएका र तिनलाई असर पार्नसक्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनी प्रबन्धबारे सरोकारवालालाई सुसूचित गर्दै जानुपर्छ ।

## ५.३ कानुनी संरचना

- सूचीकरण र परीक्षण नगरी जथाभावी बीउको बिक्रीवितरण गर्ने संस्था र कम्पनीहरूलाई कारवाही गर्ने र व्यवसायीहरूबाट नै क्षतिपूर्ति दिलाउने कानुनी प्रबन्ध गरिनुपर्दछ ।
- विद्यमान ऐन–कानुनहरूले बीउबिजनसम्बन्धी कृषकको अधिकारलाई यथोचित सम्बोधन गर्न सकेका छैनन् । त्यसैले बीउबिजनसम्बन्धी कानुनहरूलाई किसानको हितअनुकूल हुने गरी परिमार्जन गर्नुपर्दछ ।
- राष्ट्रिय बीउबिजन उद्योगको विकासका लागि लगानी आकर्षित गर्न नीतिगत र कानुनी पहल जरूरी छ । तर त्यस्तो कानुनी प्रबन्ध गर्दा बीउ र वानस्पतिक आनुवंशिक स्रोतसम्बन्धी कृषकका अधिकार कुण्ठित हुन नदिन सतर्क रहनुपर्दछ ।
- विरूवाको जात संरक्षणसम्बन्धी ऐनलाई जारी गर्ने प्रक्रिया अगाडि बढाउनु जरूरी देखिन्छ ।
- नयाँ संविधानमा खाद्यसुरक्षा र कृषकको अधिकारलाई सुनिश्चित र स्पष्ट गरिनुपर्दछ ।

## ५.४ स्रोत संरक्षण र उपयोग

- विरूवा प्रजनन, बीउ विकास र कृषि जैविक विविधताको संरक्षण तथा दीगो उपयोगका लागि परम्परागत कृषि प्रणाली र कृषकको परम्परागत ज्ञानलाई उपयोग गर्ने गरी नीतिगत व्यवस्था गर्नुपर्छ र स्थानीय तहमा यसको एकीकृत

रणनीतिक योजना बनाई कार्यान्वयन गर्नुपर्छ ।

- विरूवा प्रजनन, बीउ विकास र कृषि जैविक विविधताको संरक्षण तथा दीगो उपयोगका लागि सरकारी निकाय, निजी क्षेत्र, कृषक समुदाय र नागरिक समाजबीच सहकार्य बढाई अनुसन्धान र विकासका कार्यक्रमलाई संस्थागतरूपमा संचालन र विस्तार गर्नुपर्छ ।
- जातीय विकास तथा सम्बर्द्धन र खाद्य बालीको बीउको उत्पादनमा गैरसरकारी र निजी क्षेत्रको सहभागिता फराकिलो पार्दै लैजानु उपयुक्त हुन्छ ।

## ५.५ संचारमाध्यमको भूमिका

- कृषि क्षेत्रको दीगो वृद्धि र विकासलाई प्रोत्साहन गर्ने खालका विषयहरूलाई आफ्ना प्रकाशन तथा प्रसारणमा प्राथमिकता दिनुपर्दछ । यस सन्दर्भ सरकारी र गैरसरकारी निकायबाट भएका कमीकमजोरीलाई औंल्याउनुपर्दछ र कतिपय उदाहरणीय कार्यलाई प्राथमिकताका साथ प्रचारप्रसार गर्नुपर्दछ ।
- कृषि क्षेत्रको नीतिगत सुधारका लागि सरोकारवालाहरूमाझ बहस चलाउनुपर्दछ । सरोकारवालालाई जिम्मेवार बनाउने खालका विषयवस्तुलाई महत्व दिनुपर्दछ ।

# सन्दर्भ सामाग्री

## प्रकाशन/प्रतिवेदनहरू

अधिकारी, कमलेश र पुष्प शर्मा. २०६६. बीउमा कृषकको नियन्त्रण र भारतको अनुभव. *नीतिसार, माघ २०६६.* काठमाडौंः सावती ।

अर्थ मन्त्रालय. २०६५. *आर्थिक वर्ष २०६५/६६ को बजेट वक्तव्य.* काठमाडौंः अर्थ मन्त्रालय ।

अर्थ मन्त्रालय. २०६७. *आर्थिक सर्वेक्षण २०६६/६७.* काठमाडौंः अर्थ मन्त्रालय ।

*कान्तिपुर दैनिक*, २०६५, २०६६ र २०६७ का विभिन्न अंकहरू ।

कृषि विकास कार्यालय. २०६६. अभियानमुखी मकै उत्पादन, कार्यक्रम रिपोर्ट. बाराः कृषि विकास कार्यालय ।

कृषि तथा सहकारी मन्त्रालय. २०६६. हाइब्रीड मकैमा देखिएको घोगा नलाग्ने समस्या सम्बन्धमा जिल्ला भ्रमणको आधारमा तयार पारिएको प्रतिवेदन. काठमाडौंः कृषि तथा सहकारी मन्त्रालय ।

घले, यमुना. २०६५. बीउबिजनमा निजी क्षेत्रको लगानी र नियन्त्रण, कृषिक्षेत्रका लागि अवसर र चुनौती. *नीतिसार, अंक ३.* काठमाडौंः सावती ।

थापा, विमल. २०६६. बीउ बिजनसम्बन्धी नीति र कानुनमा कृषकका चासोका मुद्दाहरू. *नीतिसार, फागुन २०६६.* काठमाडौंः सावती ।

नेपाल बीउ व्यवसायी संघ. *२०६६. नेपाल सिड बुलेटिन, चैत, २०६६.* काठमाडौंः नेपाल बीउ व्यवसायी संघ ।

नेपाल बीउ व्यवसायी संघ. २०६६. *नेपाल सिड बुलेटिन, बैशाख-असार, २०६६.* काठमाडौं: नेपाल बीउ व्यवसायी संघ ।

राष्ट्रिय योजना आयोग. २०६७. *त्रिवर्षीय योजनाको आधारपत्र २०६७/६८-६९/७०.* काठमाडौं: राष्ट्रिय योजना आयोग ।

बीउबिजन गुणस्तर नियन्त्रण केन्द्र. २०६६. *वार्षिक प्रतिवेदन, २०६५/६६.* ललितपुर: बीउबिजन गुणस्तर नियन्त्रण केन्द्र ।

## कानुनी तथा नीतिगत दस्तावेजहरू

राष्ट्रिय कृषि नीति २०६१ ।
बीउबिजन उत्पादन कार्यविधि निर्देशिका २०५६ ।
बीउबिजन ऐन, २०४५ (पहिलो संसोधन २०६४) ।
बीउबिजन नियमावली २०५४ ।
राष्ट्रिय बीउबिजन नीति २०५६ ।

# अनुसूची १

## अन्तरवार्ता लिइएका व्यक्तिहरू

१. डा. हरि दाहाल, सहसचिव, कृषि तथा सहकारी मन्त्रालय
२. डा. कृष्णप्रसाद पन्त, उपसचिव, कृषि तथा सहकारी मन्त्रालय
३. डा. निरञ्जनप्रसाद अधिकारी, निर्देशक, बाली तथा बागवानी विभाग, नेपाल कृषि अनुसन्धान परिषद्
४. विमल थापा क्षेत्री, वरिष्ठ बीउ विकास अधिकृत, बीउबिजन गुणस्तर नियन्त्रण केन्द्र
५. चन्द्रदेव मण्डल, बाली विकास अधिकृत, कृषि विकास कार्यालय, बारा
६. शंकरप्रसाद मैनाली, अध्यक्ष, जिल्ला बीउबिजन उत्पादक समन्वय समिति
७. देवनारायण प्रसाद शाह, पूर्व बाली विकास अधिकृत
८. रामाश्रय प्रसाद शाह, अगुवा कृषक, प्रष्टोका गाविस-६, बारा
९. महेन्द्रप्रसाद पट्टेल, किसान, भतौडा गाविस-५, बारा
१०. महन्थप्रसाद पट्टेल, किसान, भतौडा गाविस-८, बारा
११. अम्बिका शाह, किसान, प्रष्टोका गाविस-७, बारा
१२. अगेन्द्र शाह, किसान, प्रष्टोका गाविस-६, बारा
१३. दिनानाथ प्रसाद शाह, किसान, प्रष्टोका गाविस-७, बारा
१४. रामएकवाल प्रसाद यादव, अध्यक्ष, कृषि विकास तथा संरक्षण समाज कचोर्वा, बारा
१५. नामदेव मिश्र, मत्स्य विकास अधिकृत, रौतहट
१६. अमरकान्त झा, प्रमुख, कृषि प्रसार केन्द्र, सन्तपुर रौतहट
१७. गीता खड्का, किसान, सन्तपुर, गाविस-४, रौतहट
१८. तारा मल्ल, सन्तपुर गाविस-४, रौतहट
१९. गोविन्द प्रसाद दुलाल, अध्यक्ष, मेजमिसन कार्यक्रम, रौतहट
२०. खर्कराज गिरी, सदस्य, नेपाल कृषक हकहित संघर्ष समिति, रौतहट
२१. कुमार बस्नेत, संयोजक, नेपाल कृषक हकहित संघर्ष समिति
२२. दुर्गाप्रसाद अधिकारी, महासचिव, नेपाल बीउ व्यवसायी संघ
२३. छोटेलालप्रसाद, संचालक, कृषि बीज भण्डार, वीरगञ्ज

## सावती

www.sawtee.org

साउथ एशिया वाच अन ट्रेड, इकोनोमिक्स एण्ड इन्भायरोन्मेन्ट (सावती) को स्थापना सन् १९९४ मा दक्षिण एशियाका गैरसरकारी संस्थाहरूको संयुक्त प्रयासबाट भएको हो । दक्षिण एशियाका ११ संस्था सदस्य रहेको सावती उदारीकरण, विश्वव्यापीकरण र विश्व व्यापार संगठनसम्बन्धी विषयवस्तुमा अनुसन्धान र सम्बन्धित सरोकारवालाको क्षमता अभिवृद्धि गर्ने उद्देश्यका साथ दक्षिण एशियाली क्षेत्रीय सञ्जालको रूपमा कार्यरत छ । त्यस्तै गैरसरकारी संस्थाका रूपमा सन् १९९९ मा नेपालमा दर्ता भई सावतीले राष्ट्रिय र स्थानीयस्तरमा विभिन्न परियोजना र कार्यक्रमहरू पनि सञ्चालन गर्दै आएको छ ।

## ली–बर्ड

www.libird.org

वि.सं. २०५२ मा स्थापित जैविक विविधता, अनुसन्धान तथा विकासका लागि स्थानीय पहल (ली-बर्ड) एक गैरसरकारी संस्था हो । प्राकृतिक स्रोत, जैविक विविधता र पर्यावरणीय सेवाहरूको अनुसन्धान तथा विकासमा सहकार्य र सहभागितामूलक प्रणालीहरूको अवलम्बनबाट अवसरहरूको सिर्जना गरी गरीब तथा सीमान्तकृत वर्गको जीवनस्तर सुधार गर्दै गरीबी निवारण र सामाजिक न्यायको सुधारमा टेवा पुर्‍याउनु ली-बर्डको मूल उद्देश्य हो । कृषक, कृषक समुदाय तथा समुदायमा आधारित संघ-संस्थादेखि राष्ट्रिय र अन्तर्राष्ट्रिय सरकारी तथा गैरसरकारी संस्थाहरूसँगको साझेदारीमा नेपालका विभिन्न जिल्लामा यो संस्था कार्यरत छ ।